जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

वर्ष-१२ , अंक- ४१, २०७७ साल असार २३ गते मंगलबार (July 7, 2020) www.janaakash.com.np मुल्य रु १०।-

# नेपालको राजनीति भारत, चीन र अमेरिकाको चपेटामा

भारतले नेपालको लिम्पियाधुरा र कालापानी भुमि हडपेको बिषयमा बार्ता गर्न नेपालले प्रस्ताव राख्दा चासो नदिने भारतको ब्यवहार नेपालको लागि सधै हेपाहा प्रबृति देखाउने गरेका कारण नेपालका नेपालीहरु भारतप्रति रिसाउदै आएका छन् । यो पछिल्लो समयमा झनै बढेर गएको छ । त्यो अरु कारण नभएर नेपालको भुभाग कालापानी र लिम्पियाधुरा भारतीय नक्सामा उल्लेख गरेर हडपेपछि नेपालीहरु अर्कोशित भएका हुन् ।

त्योसतः बिगतदेखि नै भारतले नेपालका कतिपय भुभागहरुमा जर्वजस्त हडप्ने र नेपालको प्रस्ताव नसुन्ने गरेर बलमिचाई गदै आएको थियो ।

- भारतको ब्यवहार नेपालको लागि सधै हेपाहा प्रबृति ।
- नयाँ नक्सा सार्वजानिक गर्दा पनि मित्रवत भावना ।
- एमसीसीका केही बुँदा सच्याउनुपर्छ ।

भारतले नेपालको सरकारपक्ष पार्टी नेकपा नेकपाको विवादको बिषयमा भने आफ्नो दुत पठाएर नेपाललाई अर्को द्वन्द्धमा फसाउने खेल खेल्ने गरी आएको छ ।त्यो गएको हप्ता भारत सरकारको सुरक्षा सल्लाहाकार प्रमुख अजित डोभालका प्रतिनिधिहरु नेपालमा आएर शंकस्पद गतिविधि गरेर गएको बिषयले नेपालीहरु सशंकित भएका छन् । नेपाल र भारत छिमेकी राष्ट्र भएपनि कालापानी र लिपुलेक नेपालको भुभाग भएको नेपाल र भारतको संयुक्त सीमा कार्यदलले सन १९९८ अध्ययनले सन १९५५ देखि नैं नेपालको भुभागमा भारतको प्रहरी पोष्ट राखेको भारतले नै सुइकारेको छ । त्यसपछि भारतीय सेनाहरुले सन.१९६२ मा चीन र भारत युद्धको वेला नेपालको भुभागमा भारतीय सेनाले प्रयोग गरेको र त्यो भुभाग नेपालको भारतले हालसम्म नछोडेको हो । उल्टै भारतले पाकिस्तानको काश्मिर, चीनको लदाख र नेपालको कालापानी समेटेर अग्रजी पात्रो अनुसार २०१९ नोभेम्वरमा २ मा नक्सा सार्वजानिक गरेपछि नेपालले भारतलाई उक्त नक्सा सच्याउन बाराम्बार प्रस्ताव राख्दै आएको थियो । तर त्यो भारतले नेपाललाई हेपाहा प्रबृतिको देखाउदै बेवास्ता गदै आयो र नेपालले आफ्नो भुमिको रक्षा गर्न नयाँ नक्सा सार्वजानिक गर्न बाध्य भयो । नयाँ नक्सा सार्वजानिक गर्दा पनि नेपालले मित्रवत भावना राखेर वार्तावाट यसको सावधान गर्नुपर्छ भनि परराष्ट्र मन्त्रालयवाट पटक पटक आग्रह गर्दापनि कुनै सुनुवाई गरेको थिएन । अहिले नेपालको सत्तापक्षको विवादको समयमा भारतीय सुरक्षा सल्लाहकार प्रमुखले प्रतिनिधि नेपालमा पठाएर नेपालको सोल्टी होटलमा नेपालका केही राजनीतिक ब्याक्तिहरुलाई भेटी आन्तरिक मामलामा चासो राखेको देखेर नेपालीहरुको मनमा ठेस पुऱ्याएको छ । नेपालीहरु आर्कोशित छन् । त्यसैगरी छिमेकी राष्ट्र चीनले पनि नेपालको नेकपा नेकपाको बिवाद चर्केको वेला नेपालका नेकपा नेकपाका सिर्श नेताहरुलाई राजदुलले भेटेकी छन् । यसले सहजै अनुमान लगाउन सकिन्छ । नेपाल यतिवेला दुवै ठुला छिमेकी राष्ट्रको दवावको चपेटामा परेको छ भने अर्को शक्तिसाली राष्ट्र अमेरिकाले एमसिसि सम्झौता गर्न दवाव दिएको दियै छ । नेपालका परराष्ट्रमन्त्रीसँग अमेरिकी परराष्ट्रमन्त्री स्तरीय फोन वार्ताले पनि नेपाल त्रिपक्षीय दवावका बीच नेपाल गुज्रीराखेको छ ।

नेपाल अल्पबिकशित मुलुक भुगोलको हिशावले पनि दुवै छिमेकी मुलुकभन्दा सानो शक्तिसाली अमेरिका भन्दा स्रोत साधनको हिशावले पछाडी नै छ । यस्तो बाँकी २ पृष्ठमा

# विदेशमा थप १३ नेपालीको मृत्यु

## १४ देशमा १४३ नेपालीको कोरोना सङ्क्रमणबाट मृत्यु

काठमाडौं । कोरोना भाइरसको सङ्क्रमणबाट पछिल्लो एक सातामा विदेशमा थप १३ नेपालीको मृत्यु भएको छ । गैरआवासीय नेपाली सङ्घ ( एनआरएनए) अन्तर्गतको स्वास्थ्य समितिका अनुसार संयुक्त अरब इमिरेट्स (युएई)मा थप छ, भारतमा पाँच, ओमान र कुवेतमा एक/एक नेपालीको मृत्यु भएको हो ।

समितिका अनुसार शनिबार साँझसम्म विभिन्न १४ देशमा १४३ नेपालीको कोरोना सङ्क्रमणबाट मृत्यु भइसकेको छ । हालसम्म बेलायत, युएई, साउदी अरब, बहराइन, कुवेत, कतार, आयरल्यान्ड, जापान, टर्की, नेदरल्यान्ड र स्विडेन, ओमानलगायत देशमा रहेका नेपालीको मृत्यु भएको छ ।

एनआरएनए स्वास्थ्य समितिका संयोजक डा सञ्जीव सापकोटाका अनुसार यस हप्ता विदेशमा मध्यपूर्वका देशबाहेक अन्य मुलुकमा कोरोना सङ्क्रमणको दर न्यून हुँदै गएको छ । शनिबार साँझसम्म विदेशमा २८ हजार ९१८ जनामा कोरोना सङ्क्रमण देखिएको छ भने २५ हजार २२६ गैरआवासीय नेपाली कोरोना मुक्त भएका छन् । एनआरएनएका अनुसार हालसम्म विश्वभर ३७ देशमा रहेका नेपालीहरू कोरोना भाइरसबाट प्रभावित भएका छन् ।

यसैबीच कोरोना भाइरसका कारणले विश्वव्यापी लकडाउन सुरु भएपछि विभिन्न देशमा रोकिएका नेपालीको उद्धारको कामले तीव्रता पाएको छ । एनआरएनए र विदेशस्थित नेपाली कूटनीतिक नियोगको संयुक्त पहलबाट एक महिनाको अवधिमा २१ देशमा रहेका १८ हजार २९३ नेपालीको उद्धार गरिएको छ ।

अफगानिस्तान, अष्ट्रेलिया, ओमान, कतार, म्यान्मा, कुवेत, जापान, थाइल्यान्ड, दक्षिण कोरिया, बङ्गलादेश, मलेसिया, माल्दिभ्स, श्रीलङ्का, युएई, साउदी अरब, सिङ्गापुर, हङकङ, पाकिस्तान, बहराइन, अमेरिका र बेलायतलगायत मुलुकमा रहेका नेपाली स्वदेश फर्किएको सङ्घको कोभिड १९ उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिनुभयो ।

अन्तर्राष्ट्रिय विमानस्थलमा अहिले दैनिक नौदेखि १६ वटा चार्टर्ड उडान हुँदै आएका छन् । असार महिनामा धेरै सङ्ख्यामा उडान भएको विमानस्थलको विवरण छ । यही असार १२ गते एकै दिन १६ अन्तर्राष्ट्रिय उडान भएको थियो ।

यसअघि असार १० र ११ मा दैनिक १५ उडान भए । शनिबार र आइतबार दैनिक ११ उडान भएको विमानस्थलले जनाएको छ ।

सरकारले गत जेठ १६ गते तेस्रो मुलुकमा रहेका नेपाली नागरिकलाई प्राथमिकीकरण गरेर स्वदेश फर्काउने निर्णय गरेको थियो । सरकारद्वारा गठित कोभिड १९ सङ्क्रमण व्यवस्थापन सेन्टर (सिसिएमसी) को निर्णयअनुरुप पहिलो चरणमा २५ हजार नेपालीलाई स्वदेश फर्काइने जनाइएको छ ।

# सार्वजनिक सवारीसाधन नचल्दा यात्रुलाई सास्ती

काठमाडौँ । हरिसिद्धि बस्दै आउनुभएका महेश श्रेष्ठलाई हिजोआज मङ्गलबजारस्थित पसल आउन जान गाह्रो भएको छ । झण्डै पाँच किमी दूरीमा कहिले हिंडेरै त कहिले कसैले रोकिहाल्दा मोटरसाइकल वा गाडीमा ओहोरदोहोर गरेको उहाँले बताउनुभयो । कोरोनाको त्रासका कारण धेरैले मोटरसाइकल वा गाडी रोक्नै खोज्दैनन् । कोभिड-१९ को रोकथाम र नियन्त्रणका लागि सरकारले जारी राखेको बन्दाबन्दीका कारण लामो समय थुनिएको पसल अहिले खोल्नुपर्ने बाध्यता रहेको श्रेष्ठले बताउनुभयो । सामान्य अवस्थामा सार्वजनिक सवारीसाधन पर्याप्त चल्ने हुँदा गाह्रो नभए पनि अहिले उहाँलाई आफ्नो निजी सवारीसाधन आवश्यकता महसुस भएको छ । सामान्य अवस्थामा पसलमा उहाँ र श्रीमती बस्ने गर्नुभएको थियो । अहिले व्यापार कम भएकाले उहाँ मात्रै जानुहुन्छ । पाँच वर्ष पहिले नाकाबन्दीका समयमा पनि सार्वजनिक सवारीसाधन चढ्नै मुस्किल थियो । तर त्यतिबेला जो कोहीले रोक्ने गरेको उहाँले बताउनुभयो । अहिले आफूलाई पनि कोरोना लागेका मान्छे हो कि भन्ने आफैँलाई पनि डर हुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले हत्तपत्त कसैले रोक्नै नखोज्ने भएकाले हिंडेरै आउने जाने गरेको छु । महेशजस्तै सार्वजनिक सवारीसाधन नचल्दा जोरपाटीकी अञ्जना सुवेदीलाई पनि गाह्रो भएको छ । अनामनगरस्थित एउटा निजी कम्पनीमा कार्यरत उहाँ सामान्य अवस्थामा माइक्रोमा आउने जाने गर्नुभएको थियो । अहिले बिहान श्रीमान्सँग आउने र फर्कदा चाबहिलमा रहेको श्रीमान्को कार्यालयसम्म हिंडेरै जानुहुन्छ । आफनो ५ बजे र श्रीमान्को ६:३० मा छुट्ने भएकाले बस्नुभन्दा हिंडेरै जाने गरेको उहाँले बताउनुभयो । कार्यालय नजाँदा तलब काटिने भएकाले आवतजावत गाह्रो भए पनि दैनिक कार्यालय जाने गरेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "तीन महिनाको तलब आएन, अहिले पनि काम नगरे के खानु छ र ? गत चैतदेखि जारी बन्दाबन्दी खुकुलो गरेसँगै काठमाडौं उपत्यकामा अधिकांश कार्यालय र पसल खुलेका छन् । तर यातायातका साधन सहजरूपमा नचल्दा उपत्यकावासीलाई ओहोरदोहोरमा बाँकी २ पृष्ठमा

# वर्षात्ले गाउँका सडकको बिजोग

डोटी । दुई दिनदेखिको लगातारको भारी वर्षात्का कारण डोटी जिल्लाका ग्रामीण क्षेत्रको आवतजावत रोकिएको छ । बर्सात्ले सडक हिलाम्मे हुनाका साथै ठाउँठाउँमा पहिरो आएपछि सवारीसाधन सञ्चालनमा अवरोध उत्पन्न भएको छ । जिल्लाका मौवा, मेल्लेक, केआइसिंह, वाइल, कपल्लेकी, गड्सेरा, मुभारा धुर्कोट र चवराचौतारा सडक अवरूद्ध भएका छन् ।

जथाभावी डोजर प्रयोग गरेर खनिएका जिल्लाका ग्रामीण सडकमा दुई दिनदेखि परेको वर्षासँगै सवारीसाधन गुड्न सकेका छैनन् । वर्षा शुरू हुनासाथ पहिरो खस्ने र यातायात सञ्चालनमा समस्या आउने गरेको चालक बताउँछन् । गाउँपालिका, वडा कार्यालय, जिल्ला समन्वय समिति र निर्वाचन पूर्वाधार क्षेत्र विकासको रकमले यहाँका ग्रामीण भेगका उपभोक्ता समितिमार्फत मनपरी सडक खनिएका सडकमा पहिरो आउँदा अवरूद्ध बनेको कपल्लेका स्थानीयवासी रतन ऐरले जानकारी दिनुभयो । सडक ग्रेड नमिल्ने गरी साँघुरो खनिएको स्थानीयवासीको आरोप छ । यहाँका अधिकांश ग्रामीण सडकमा सवारीसाधन चलाउनै नमिल्ने गरी बिग्रिएको सायल गाउँपालिका डौड १ का डिलबहादुर सिंहले बताउनुभयो । उहाँले भन्नुभयो, "उपभोक्ता समितिले मनपरी ढङ्गले काटेका सडक बेकाम भएका छन्, सवारीसाधन त के मान्छे हिंड्नसमेत मुश्किल पर्न थालेको छ ।" यहाँका अधिकांश ग्रामीण कच्ची सडकमा हिउँदको ६ महिना मात्र सवारीसाधन सञ्चालन गर्न मिल्छ ।

हल्का वर्षा शुरू हुनासाथ ग्रामीण भेगको यात्रा पैदलमय हुने शैलेश्वरी यातायात व्यवसायी समितिका दिपायलका प्रमुख प्रेमबहादुर रावलले बताउनुभयो । उहाँले भन्नुभयो, "बाटो लैजाने नाममा जथाभाबी डोजर लगाएर खनेका सडकमा पानी परेपछि पहिरो खस्ने, हिलाम्मे हुन्छन्, गाडी हाल्ने बित्तिकै दुर्घटना भइहाल्छ ।" यहाँका अधिकांश ग्रामीण सडकमा सवारीसाधन चलाउन अति जोखिम छ । विनामापदण्डका ग्रामीण सडकमा ठूल्ठूला दर्जनौं सवारी दुर्घटना हुँदासमेत स्तरोन्नतिका लागि खासै पहल हुन नसकेको स्थानीयवासीको आरोप छ ।

बजेट विनियोजन भएका ग्रामीण सडकमा समेत सरकारले रकम निकासा नदिंदा यहाँका ग्रामीण सडकको अवस्था जस्ताको तस्तै रहेको बोगटान फुड्सिल गाउँपालिकाका काँग्रेस नेता खडकबहादुर बोहराले बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारीस्तरबाट विनियोजन भएको रकम निकासा नदिंदा सडकको दुरवस्था छ, ग्रामीण सडकको स्तरोन्नति गर्ने हो भने पर्याप्त बजेट आउनुपर्छ ।"



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# निरन्तर जग हंसाउंदै नेकपा

'माल पाएर के गर्नु, चाल नपाएपछि'भन्ने लोकोक्ती नेपालमा प्रचलित छ। जति नै बहुमुल्य सामान पाएको भएपनि त्यसलाई पहिचान गरेर उपयोगमा ल्याउन सकिएन भने त्यसको कुनै अर्थ छैन भन्ने भाव त्यो लोकोक्तिले दर्साउंछ । सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का लागि पछिल्लो निर्वाचनमा जनताले दिएको दुई तिहाई नजिकको बहुमत ठ्याक्कै उल्लेखित लोकोक्तीसंग मेल खाने संकेत देखिन थालेको छ । इतिहासमै बिरलै प्राप्त हुने यस किसिमको राजनीतिक उपलब्धि हांसिल गरेर पनि नेकपाले यसलाई त्यत्तिकै खेर फाल्ने जुन किसिमको गतिविधि देखाइ रहेको छ,त्यो माल पाएर चाल पाएको स्थिति पटक्कै होइन ।

संबिधानसभाबाट संबिधान जारी भएपछि सम्पन्न पहिलो निर्बाचनमा तत्कालीन नेकपा एमाले र माओबादी केन्द्र सम्मिलित बाम गठबन्धनलाई त्यत्तिकै जनताले त्यत्रो जनमत दिएका होइनन् । निर्बाचन अघि पहिलो पटक प्रधानमन्त्री बनेका एमाले अध्यक्ष केपी शर्मा ओलिले त्यतिबेला लिएको राष्ट्रबादी अडान, जनतालाइ देखाएको समृद्धि र बिकासको सपना तथा बाम गठबन्धनको चुनावी घोषणापत्र प्रतिको जनताको बिश्वास निर्वाचनमा मतदानमार्फत प्रकट भएको हो । अन्तर्राष्ट्रिय रुपमै कम्युनिस्ट आन्दोलन क्रमशः कमजोर बन्दै गएका बेला नेपालमा जनमतमार्फत प्राप्त सो उपलब्धि संसारकै लागि उदाहरणीय पक्कै हो । यद्यपि निर्बाचनपछि नेपालका दुई ठुला कम्युनिस्ट पार्टी एकीकृत भएर बनेको नेकपाले कम्युनिस्ट पार्टीहरुप्रति जनतामा घृणा उत्पन्न गराउने कार्यलाई निरन्तरता दिइरहेका छन । उनीहरूको अहिलेको क्रियाकलाप र कार्यशैली सिंगो कम्युनिस्ट आन्दोलनका लागि निकै घातक हुने देखिएको छ । आफुलाइ सर्बहारा बर्गको पार्टीका रुपमा जनतामाझ स्थापित गराएर सफलता हासिल गरिसकेपछि पुंजिपती बर्गलाइ माथ ख्वाउने ब्यबहार गर्नु खेदजनक र निन्दनीय बिषय हो । पछिल्लो समय जनताबाट टाढिंदै गएको नेकपा भ्रष्टाचार र पदलोलुप्ताका सवालमा जग हंसाउने काम गरिरहेको छ ।

पछिल्लो समय नेकपाको स्थायी कमिटी बैठकमा उत्पन्न विवाद जग हंसाइको त्यहि चरम रुप हो।मुलुकको बिकास,समृद्धि र जनताको चाहना सम्बोधनको अपेक्षा त्यो बिबादको पाटो र पक्ष छैन।फगत पद प्राप्तिको लालशाले बिबादलाई बहुरुपी बनाइएको छ र त्यसैलाई भजाएर पद जोगाउने र प्राप्त गर्ने भरमग्दुर प्रयास यतिबेला भैरहेको छ।कसैले पद पाउनु र कसैको जोगिनुले जनतालाइ खासै असर पार्दैन । जो भएपनि बिग्रदैं गएको मुलुकको अवस्थालाई झन जर्जर बनाउने होइन, सहि ट्र्याकमा ल्याएर यसलाइ अघि बढाउने कुशल र इमान्दार नेतृत्व जनताको आजको रोजाइ हो । त्यसका लागि देश र जनताप्रति जिम्मेवार र उत्तरदायी नेतृत्व आवश्यक छ । त्यसैले सोच र कार्यशैलीमा परिवर्तन अहिलेको आवश्यकता हो । नेकपाका नेताहरूले पहिले आफुले आफैंलाई परिवर्तन गर्नु अहिलेको प्रमुख आवश्यकता हो । ओली, दाहाल र नेपालमा तात्विक अन्तर देखिंदैन ।

# नेकपाभित्रको अन्तरसंघर्ष

**अशोक राई**

तत्कालीन नेकपा मालेका माहासचिव मदन भन्डारीसङ्ग १० वर्ष सम्म सङ्गै एउटै कोठामा बसेर नेकपा मालेको पुर्वमा सङ्गठन बिस्तार गर्ने कुशल संगठक हुन् । अशोक राईले पार्टी निर्माण तथा संगठन बिस्तारका क्रममा वर्तमान राष्टपति बिध्या देवी भण्डारी (पाण्डे )लाई भुमिगत राजनितिमा ल्याएका थिए र पछि मदन भण्डारी सङ्ग विवाहको चाँजोपांजो मिलाइदिने काम पनि अशोक राईलेनै गरेका थिए । नेकपा मालेको चौथो महाधिवेशन अगाडी मदन भन्डारी कोशी अञ्चल सचिव थिए भने अशोक राई सहसचिव थिए । २०४६ साल भदौमा भएको चौथो महाधिवेशन पछि मदन झलनाथ खनालको प्रस्तावमा महासचिव चुनिएका थिए भने करिब १८ जनाको पुर्ण केन्द्रीय सदस्य र ४ जना सायद बैकल्पिक सदस्य सहित २२ जनाको केन्द्रीय समितिको निर्माण हुँदा अशोक राई केन्द्रीय सदस्य सहित कोशी अन्चल सचिव भए। २०४६ सालको जनआन्दोलनको सफलता पछि बिराटनगरको बृहत् आमशभामा सचिवको हैसियतमा अशोक राईले उदघोषण गरेका थिए भने तत्कालीन नेपालका नेलशन मन्डेलाका उपाधि पाएका मोहन चन्द्र अधिकारी राधाकृष्ण मैनाली र महिला नेतृ सायद लक्ष्मी कार्कीले सम्बोधन गरेका थिए ।

यहाँ फेरी पनि म चौथो महाधिवेशनकै प्रसङ्गमा फर्कन चाहान्छु । चौथो महाधिवेशन गर्न तत्कालीन मालेको केन्द्रले १४ अन्चललाई पत्रचार गर्यो तर अधिवेशन ब्यास्थापन गर्ने हिम्मत कसैले गर्न सायद सकेनन र अशोक राईले जिम्मा लिएर त्यसको सम्पुर्ण तयारी भयो । केन्द्रबाट महाधिवेशन खर्च ४० हजार रूपैयाँ लिएर प्रदिप नेपाललाई महाधिवेशन स्थल पठाईयो तर पार्टी डकुमेन्ट र ४० हजार रूपैयाँ उनले बाटैमा हराए । पंचायतकालिन समय अनि भुमिगत अवस्थाको पार्टी पैसा हरायो की र्याल चुहाए भन्नेकुरा इतिहासको गर्भमै छ तर त्यहि कारण सम्पुर्ण तयारी पुराभएको महाधिवेशन स्थगित गर्नु परेको कुरा अशोक राईले कुनै समय बताउनु भएको थियो । फेरि दोश्रो पटक पनि अशोक राईलाई नै अधिवेशन तयारीको जिम्मेवारी दिइयो उदयपुरमा तयारी भयो तर ईन्डियन आर्मि छुट्टीमा आउदा बाटोमा जाड बेच्न बसेका चेलिबेटी माथि हातपात भयो ति चेलिले हातपात गर्ने ति इण्डीयन लाहुरेलाइ खुर्पाले छिनालि दिएपछि उत्पन्न असहज परिस्थीतिका कारण फेरि महाधिवेशन रोकियो र तेश्रो पल्ट पनि अशोक राईलाईनै जिम्मा दिईयो र सिरहामा हिरा बहादुर सुनुवारको घरमा चौथो महाधिवेशन सम्पन्न भयो । भुमिगत कालमा मदन भण्डारी र निलकण्ठ नामले अशोक राई परिचित थिए ।

**नेकपा माले पार्टी सङ्गठन र २०४८ को निर्वाचन**

०३५ सालमा रत्न कुमार वान्तावाको पञ्चायति शासक द्वरा हत्या पछि आदिवासी जनजाति बस्तिमा खसआर्य समुदायका कुनैपनि नेताले जाने हिम्मत गरेनन् । काठमाडौंमा रहेका अशोक राईलाई भुमिगत बनाएर पुर्बाअन्चल पठाईयो पार्टी सङ्गठन द्रुत गतिमा बिस्तार भयो । त्यो बेलामा अन्चलाधिस सुर्य प्रसाद सेनोलीको (मष्ट वाण्टेड) को प्रमुख लिस्टमा परेका अशोक राईले कयौ पटक आफ्नो नाम फर्दै भुमिगत भएर पुर्वमा राम्रो संगठन गरे ।

जब २०४६ सालको सफल जन आन्दोलन पश्चात् ४८ सालमा पार्टीले निर्वाचनमा भागलिने निर्णय गर्यो त्यो बेला अशोक राइ ४ जनाको टिकट वितरण समितिको सदस्य थिए। मनमोहनले मदन भन्डारीसङ्ग आफ्नो लागि एउटा सुरक्षित स्थान माग्दा मदन भन्डारीले आफुलाई जिम्मा लगाएको सम्झनछन् अशोक राई । सुनसरीको क्षेत्र नं १ धरान र मोरङ्गको क्षेत्र २ बाट उठने निश्चित भएका अशोक राईले तत्कालीन अध्यक्ष मनमोहन अधिकरीको आग्रहमा सुनसरी छाडेका थिए भने त्यस्तै भरत मोहनको आग्रहमा मोरङ्गको निर्वाचन क्षेत्र छाडेका थिए । यसरी ०४८ सालमा एमालेको सुर्य चिन्ह पुर्वबाट अत्याधिक उदाएको देखिन्छ भने सुदुर पश्चिमा सुन्य नै थियो। पार्टीमा रत्न वान्तावालाई पनि पार्टी भित्रकै जासुसीका कारण मारिएको आशंका गरिएको छ भने हालको बहुदलीय जनवादको बिचारका जन्मदाता मणिलाल राई ( पार्टी संस्थापक समेत रहेका )लाई संशोधनवादी भनेर कार्रबाही गरियो , गोरेबहादुर खपाङ्गी मगरलाई पार्टी छाड्न बाध्य पारियो भने नेकपा माले र एमाले पार्टी बनाई दिने तत्कालीन नेकपा एमालेको आठौं महाधिवेशनबाट पार्टीमा सबैभन्दा बढी मतले केन्द्रीय उपाध्यक्षमा निर्वाचित अशोक राईलाई अन्ततः पार्टी छाड्न बाध्य बनाईयो ।

पार्टीको आठौं महाधिवेशनबाट पारित निर्णयहरूबाट एमाले पछि हटेपछि पूर्व मन्त्री अशोक राई, पूर्वमन्त्री राजेन्द्र श्रेष्ठ, पूर्वमन्त्री हेमराज राई, पूर्वमन्त्री रकम चेम्जोङ लिम्बू लगायतका मन्त्री तथा सांसद भैसकेका केन्द्रीय नेताहरूले एमाले प्रतिगमनतिर गएको निष्कर्ष सहित पार्टी परित्याग गरी उत्पीडित समुदाय एवम् श्रमजीवी वर्गको मुक्तिको लागि संघीय समाजवादी पार्टी नेपाल निर्माण गरे। अहिले उपेन्द्र यादव र महन्त ठाकुर, राजेन्द्र महतो, शरत सिंह भन्डारी आदिले नेतृत्व गरेको मधेसवादी दल, पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले नेतृत्वको नयाँ शक्ति पार्टी, युवराज कार्की नेतृत्वको खस समावेशी राष्ट्रिय पार्टी लगायतका पहिचान र अग्रगामी पक्षधर शक्तिहरूलाई एकीकरण गर्दै राष्ट्रिय राजनीति र संसदमा तेस्रो ठूलो प्रतिपक्ष दल जनता समाजवादी पार्टी, नेपाल( जसपा) निर्माण भएको छ भने हाल अशोक राई वरिष्ठ नेता हुनुहुन्छ ।

यसरी हेर्दा तत्कालिन माले हुदैं एमाले गठन तथा निर्माणको यात्रामा वर्तमान अध्यक्ष तथा प्रधानमन्त्री खड्ग प्रसाद ओलीको खासै भुमिका देखिदैन। अर्को कुरा उनले आफ्नो जीवनको उर्जाशिल समय जेलजीवनमा रहेका कारण पार्टी सङ्गठन निर्माण र खासगरी कम्युनिष्ट पार्टी निर्माण तथा पार्टी संचालनको विधी जनवादी केन्द्रियताको व्यवहारिक अभ्यासबाट उनि टाढा नै रहे। जेलमुक्त भएपछिका पार्टीका कामकारबाहीमा उनको व्यवहार संधै पार्टीको विधिसंगत भन्दा बाहिर रहदै आएको बिभिन्न नेताहरूले बेलाबेला बताइरहेका छन् । उनि गुटगत मानसिकता र चरमजातिवादबाट माथि उठ्न कहिल्यै सकेनन् । उनले पार्टीभित्र पन्चायति मण्डले राष्टवादको खरो वकालत गरीरहे र आफ्नो टिम पनि त्यसैको जगमा निर्माण गर्न सफल भए । जब एमालेभित्र ओली खेमा बलियो बन्दै गयो तब आधारभुत रूपमा जगैदेखी एमाले जस्तोपार्टी निर्माण गर्नेहरू पाखालाग्दै गए। त्यसमापनि समानता, सहअस्तित्व , पहिचान र न्यायको कुरा उठाउनेहरू ओलीखेमाको निशानामा परे ।

हुँदाहुँदा माले हुँदै हालको एमाले ( नेकपा भनिएपनि यो माओवादीको एमालेकरणको नयाँ रूप हो) पार्टी निर्माण गर्नेमध्येका एक त्यागी र शालीन आर्दशपात्र अशोक राई सहितको आदीवासी जनजाति नेताहरू समेत ओलीसंगै बस्न नसक्ने अबस्था आयो । अहिले फेरि नेपाल कम्युनिस्ट पार्टी (नेकपा) फुटको संघारमा पुगेको चर्चाले नेपालको राजनितिक बजार तातिएको छ । मेरो विचारमा यो हुने निस्चित नै थियो , अब यसको बिकल्प पनि बिघटन नै हो । किनभने त्यहाँ हिजो जगदेखी नै पार्टी निमार्ण गर्ने अशोक राईहरू जस्ता कुशल संगठक , इमान्दार र त्यागी नेताहरूको उपस्थिति छैन ।

## नेपाल...

अवस्थामा छिमेकी राष्ट्र शक्तिसाली राष्ट्रले नेपाली जनता स्वतन्त्र अधिकार प्रयोग गर्न चाहान्छन् भन्ने बुझिदिनुपर्छ र नेपालको बिकाशमा हो भने अमेरिकन मिलेनियम च्यालेन्ज कर्पोरेशन (mcc) नेपाली जनताले भनेजस्तै केही बुदाहरु परिमार्जन गरेर नेपाललाई सहयोग गर्नुपर्छ । नेपालको हितमा छैन भने फिर्ता गरिनुपर्छ । त्यो अमेरिकाले यो एमसिसिको बिषयमा उदारता देखायो भने यतिवेलाको नेपालको बिवाद र अन्तराष्ट्रिय चासो नेपालमा कम हुन्छ । चीनको चासो सायद यहि अमेरिकी एम सि सिमा भएको हुनुपर्छ । भने भारतले त नेपाललाई कमजोर बनाएर सिक्किम जस्तै बिलय गराउन सकिन्छ की भन्ने दाउमा रहेको बिगत देखि नै नेपालका राजनीतिक बिश्लेषकहरुले भन्दै आएका छन् । भारतले बेला बेलामा नकाबन्दी लगाएर त्यस्तै ब्यवहार पनि गर्दै आएको छ । जति भारतलाई आफ्नो देशको माया छ । त्यस्तै नेपालका नेपालीलाई पनि त्यतिकै आफ्नो देश नेपालको माया छ । जति अमेरिकनहरुलाई आफ्नो स्वतन्त्र चाहिएको छ । त्यस्तै हाम्रो नेपालका नेपालीलाई पनि उत्तिक्कै स्वतन्त्र चाहान्छन् । जति चीनलाई चीनको सर्वभौम सत्ताको रक्षा गर्नुपर्ने र उन्नतिको पथमा हिडिरहेको छ । त्यस्तै अनुशासित भएर नेपालको उन्नति प्रगति नेपाल पनि गर्न चाहान्छ । नेपालले कुनै राष्ट्रको बिरुद्ध अर्को राष्ट्रलाई प्रयोग गर्दैन भन्ने उदारण नेपालमा हुने तिब्बतियन पृथकतावादी आन्दोलन नियन्त्रण गरिरहेको छ । भने भारतबिरुद्ध हुने सीमा क्षेत्रमा आताङवादी गतिविधिलाई नियन्त्रण गरिरहेकै छ । यति गर्नुसक्नु पनि नेपाल सफल राष्ट्र हो भन्ने देखाउछ । भारतले नेपालमाथि लगाएको चिनियाँ कार्ड ब्यर्थ छ । अमेरिकाको नेपालमा चिनियाँ प्रभाव बढदो भन्ने बुझाई पनि गलत छ । चीनले नेपालमा अमेरिकाको गतिविधि शंकापस्द ठान्नु पर्दैन । किनकी नेपाल स्वतन्त्र राष्ट्र हो । नेपालले आफ्नो राष्ट्रिय सुरक्षा नीति अनुसार कुनैपनि मुलुक बिरुद्ध नेपालको भुमि प्रयोग गर्न दिदैन । यदाकदा हुने गरेका गतिविधि लाई समेत नेपालले नियन्त्रण गर्दै आईरहेको छ । त्यसकारण नेपाल राष्ट्रलाई कमजोर ठानेर दुई ठुला छिमेकी मुलुक भारत र चीन बिश्वको शक्तिसाली अमेरिकी नेपालको मित्र राष्ट्रहरुले दवाव दिनु उचित देखिदैन । यतिवेला विश्व कोरोनाको माहामारी र यो भन्दा अगाडी २०७२ सालको महा भुकम्प, भारतको नाकाबन्दी, १२ बर्षे आन्तरिक द्वन्द्व र संविधान निर्माणको लागि १० बर्ष अन्यौलमा नै बिताउनु पर्दा नेपालका नेपालीहरुले धेरै खालका महाकष्ट ब्यहोरी सकेको र भरखर्र भरखर्र बिकाशको काममा बामे सदै गरेको राष्ट्र नेपाललाई धेरै धेरै भन्दा धेरै सहयोग र सदभाव आवाश्यक छ । अन्तराष्ट्रिय सहयोग समर्थन आवाश्यक छ । त्यो आवाश्यकतालाई र नेपालको परिस्थितिलाई बुझेर दुखःमा अन्तराष्ट्रिय साथ सहयोग जरुरी छ । कुनै दिन शक्तिसाली भएका राष्ट्रहरु अहिले कमजोर भएका पनि छन् । कुनैवेला कमजोर भएका राष्ट्रहरु अहिले शक्तिसाली भएका छन् । नेपाल पनि अहिले अप्ठयारोमा भएपनि कुनैबेला शक्तिसाली बन्ने छ । त्यतिवेला सहयोगी राष्ट्रहरुले पुऱ्याएको योगदान नेपालले भुल्ने छैन ।

## सार्वजनिक..........

कठिनाइ भएको छ । आफनो निजी सवारीसाधन नभएर सार्वजनिक यातायातमै भर परेका नागरिक अहिले कष्टकर यात्रा गर्न बाध्य भएका छन् । कतिपय घण्टौं हिंडेर गन्तव्य पुग्छन् । कतिपयले अरूसँग लिफट माग्छन् । यातायातका साधन नचल्द कतिपय अहिले पनि काममा जान नसकेर घरमै बस्न बाध्य भएका छन् ।

यातायात क्षेत्रका अभियानकर्मी राम थापा सरकारले कि पहिलेजस्तै बन्दाबन्दी जारी राख्नुपर्ने कि निजी जस्तै सार्वजनिक यातायात खुला गर्नुपर्ने बताउनुभयो । सार्वजनिक यातायातका साधन नचल्दा उपत्यकामा मध्यम र निम्न वर्गका मानिसले कष्टकर यात्रा गर्नुपरेको उहाँले बताउनुभयो । यात्रुलाई समस्या हुँदाहुँदै पनि सरकारले पर्याप्त तयारी गरेर मात्रै सवारीसाधन खुलाउनुपर्ने उहाँको भनाइ छ । सरकारले व्यवसायीको दबाबमा अरू व्यवसाय खोल्ने र यातायात व्यवसायीको दबाबकै कारणले मात्रै तयारी नगरी सार्वजनिक यातायात खुलाउन नहुने उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "सार्वजनिक यातायात खुलाउँदा आमनागरिकको स्वास्थ्यमा असर पुग्छ पुग्दैन विचार गरेर र सावधानी अपनाएर खोल्नुपर्छ ।

सार्वजनिक यातायात सञ्चालन नहुँदा एकातिर व्यवसायी, यातायातका कर्मचारी र आश्रित परिवारलाई आर्थिक समस्या भएको र अर्कातिर यात्रुलाई गाह्रो भएको राष्ट्रिय यातायात व्यवसायी महासङ्घका महासचिव सरोज सिटौलाले बताउनुभयो । चैत ११ मा सरकारले बन्दाबन्दी जारी गरेसँगै केही मालवाहक सवारीसाधन सञ्चालन भए पनि यात्रुवाहक सवारीसाधन ठप्प छन् । सवारीसाधन तीन महिनाभन्दा बढी समयदेखि थन्किएकाले मर्मतमै धेरै खर्च लाग्ने उहाँले बताउनुभयो । सवारीसाधन नचलेको समयमा बैंक किस्ता, सवारीसाधनका विभिन्न करलगायतमा सहुलियको माग महासङ्घले गर्दै आएको छ । सवारीसाधन ग्यारेजबाट सडकसम्म आउने वातावरण सरकारले बनाउनुपर्नेमा उहाँको जोड छ । उहाँले भन्नुभयो, "हामी पनि सवारीसाधन सधैं थन्काउन होइन सडकमा गुडाउनै चाहन्छौं तर त्यसका लागि सरकारले चालक, सहचालकको स्वास्थ्य र हाम्रो लगानीको सुनिश्चित गर्नुपर्छ ।

यातायात व्यवस्था विभागले स्वास्थ्य सावधानीसहित सार्वजनिक सवारीसाधन सञ्चालनका लागि खाकासहितको कार्यविधि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पेश गरेको छ । कार्यविधिमा सिट क्षमताभन्दा आधा मात्रै यात्रु राख्नुपर्ने, आवश्यक स्वास्थ्य सामग्रीको व्यवस्थापनलगायतका विषय समावेश छन् । सवारीसाधन कसरी सञ्चालन गर्न सकिन्छ भनी छलफल भइरहेको विभागका महानिर्देशक गोगनबहादुर हमालले बताउनुभयो । सार्वजनिक सवारीसाधन सञ्चालनको निर्णय मन्त्रिपरिषद्को बैठकले गर्ने भए पनि निर्णयपछि सवारीसाधन सञ्चालनका लागि तयारी अवस्थामा रहन व्यवसायीलाई भनिएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "आफ्नो सवारीसाधन मर्मत गरेर चल्नसक्ने अवस्थामा राख्नु उहाँहरूको कर्तव्य हो ।

# नेकपा फुटाउन देशीविदेशी शक्ति सक्रिय



## नन्दकुमार प्रसाई
## स्थायी समिति सदस्य, नेकपा

नेपाल कम्युनिस्ट पार्टी स्थायी कमिटि सदस्य नन्दकुमार प्रसाईंसँग लामो राजनीतिक अनुभव छ । कम्युनिस्ट राजनीतिको गहिरो बुझाई रहेका उनी पछिल्लो समय प्रचण्ड निकट छन् । उनीसँग ऋषि धमलाले नेकपाभित्रको विवादका विषयमा गरेको कुराकानीः

**हिजो प्रचण्डले के भन्नुभयो ?**

यो दुई दिनको स्ट्रगलपछि प्रचण्डजीले दुईवटा महत्वपूर्ण कुरा उठाउनुभयो । पहिलो प्रधानमन्त्रीले मलाई भारतको इशारामा होटल–होटल षड्यन्त्र गरेर हटाउन खोजेको आरोप लगाउनुभयो भन्ने विषयले उहाँलाई चोट पुर्यायो । यो कुरा कसरी आयो ? थाहा छैन । यहाँका नेताहरू पनि त्यो षड्यन्त्रको जालभित्र परेको जस्तो लाग्दैन । त्यसले सबै नेताहरूलाई चोट पुर्यायो । त्यस्तो छ भने को को छन् पछाडि लाग्ने तपाईंले बताइदिनुपर्यो भन्ने कुराको खुलासा प्रचण्डले गर्नुभयो । अर्को कुरा पार्टी दर्ता गराउने हल्ला सुनियो त्यो कुरा हो कि होइन ? एकातिर हामी सबै पार्टीलाई सुदृढ गरेर सशक्त पारेर दुई तिहाईको सरकारले नेपालमा समाजवादको एउटा परिकल्पनालाई साकार पार्ने दिशातिर अगाडि बढौं भनिरहेको, पार्टीभित्रको आन्तरिक विवादलाई हल गरौं भनेर बैठक बसिरहेको बेलामा अकास्मत पार्टीको दर्ताको कुरा आयो यो के हो ? भनेर उहाँले प्रश्न गर्नुभयो । खड्गप्रसादजीले पनि थोरबहुत कुरा राख्नुभयो ।

**प्रचण्डजीले त्यसोभन्दा प्रधानमन्त्रीले के भन्नुभयो ?**

उहाँले 'मैले राम्रो काम गर्दा पनि नकारात्मक ढंगले हेर्ने । मैले राम्रो गर्दागर्दै पनि कामै गर्न नदिने । जति राम्रो गर्न खोज्छु त्यतिनै मेरै बदख्वाईं गरेर पखाल्न खोज्ने । पार्टीबाटै यस्तो गतिविधि भइसकेपछि मलाई पनि आफूलाई लागेका कुराहरू राखौं राखेको हुँ' भनेर आफ्ना कामका बारेमा बचाउहरू गर्नुभयो र गुनासाहरू पोख्नुभयो ।

**त्यसपछि प्रचण्डले के भन्नुभयो ?**

प्रचण्डजीले गरेको कुरा त मैंले अगाडि नै भनिसकेको छु । उहाँले बढी कुरा केही पनि गर्नुभएन । उहाँले प्रधानमन्त्रीले त्यसोभन्दा मलाई दु:ख लाग्यो । अहिले दुई तिहाईको सरकारलाई भारतले हटाउने तागत छ ?

**प्रचण्डले त भारतको बचाउ गर्नुभयो नि किन ?**

प्रचण्डजीले भारतलाई बचाउ गरेको छैन ।

**प्रचण्डले राजीनामा भारतले होइन मैले मागेको हो भन्नुभयो नि ?**

त्यसमा मैले बुझेसम्म के छ भने भारतले यदि प्रधानमन्त्रीलाई खारेज गर्ने षड्यन्त्र गर्छ भने त हाम्रो देशको इज्जतको सवाल हो । हाम्रो एउटा स्वतन्त्र र सम्पन्न मुलुक नेपाली जनतद्वारा चुनिएका प्रतिनिधिहरूबाट बनेको सरकार, प्रधानमन्त्रीलाई कसरी भारतले हटाउन सक्छ । यसले त देशको सार्वभौमसत्ता र स्वामानमाथि नै आँच आयो ।

**त्यसपछि प्रचण्डले प्रधानमन्त्रीको राजीनामा माग्नुभयो ?**

त्यतिखेर माग्नुभएको छैन । त्यसपछि झलनाथजी, माधवजी, वामदेवजी, नारायणकाजीजीहरूले बोल्दै जानुभयो । त्यसरी सबै मुख्य–मुख्य नेताजीहरूले बोलिसक्नुभयो । त्यसमा ईश्वरजी बादलजी र महासचिव विष्णु पौडेलजी बोल्नुभएको छैन । चारजनाले मात्रै बोल्नुभयो । अरू चारजनाले बोल्नुभएको छैन अहिलेसम्म । उहाँहरूले पनि के गर्नुभयो भने 'प्रधानमन्त्रीले मदन भण्डारीको जन्म दिवसको दिन बोलेको कुरा आपत्तिजक हो' । त्यो बोल्नुहुँदैन थियो । कुटनीतिक मर्यादाको हिसावले पनि यसरी बोल्नुहुँदैन थियो । उहाँले समस्याहरू थिए भने बोल्नुभन्दा पहिला छलफलमा जानुपर्नेथियो । बोल्नै पर्ने थियो भने पनि प्रधानमन्त्रीको मुखले भन्दा अरूले बोलेको भए राम्रो हुनेथियो । कालापानीमा त्यत्रो समस्या छ । त्यसमा प्रधानमन्त्री जस्तो मान्छेले रिजर्भ भएर रहनुपर्ने हो । सिधैं उहाँले त्यसरी टकराउँदा यसले हाम्रो कालापानीको समस्यामा भोलि कसले कोअडिनेसन गर्ने त ? त्यसैले प्रधानमन्त्रीले त्यसरी बोल्नुहुँदैन थियो । त्यो त कुटनीतिक मर्यादाभन्दा बाहिरको बोलाइ हो । त्यसको बारेमा पहिला साथीहरूसँग बासेर छलफल गर्नुपर्थ्यो । अनि हामीहरूमा को को चाहीं भारतीय दूतावासको पछि लागेका छौं । हामी को को चाहीं होटल, होटलमा गएर खड्ग ओलीजीलाई हटाउन षड्यन्त्र गरेर मिलेर बसेका छौं ? यो देखाइदिनुपर्यो । यसमा हाम्रो सत्य, तथ्य बुझिदिनुपर्यो भनेर प्रश्न गर्नुभयो । अनि खाजा खाने छुट्टी भयो । त्यसबेला खड्ग ओलीजी पनि आफ्नो निवासतिर लाग्नुभयो । आउनुहोला भन्दाभन्दै उहाँ आउँदै आउनु भएन ।

**खाजा खाने छुट्टिपछि प्रधानमन्त्री बैठकमा आउनुभएन ?**

उहाँ आउँदै आउनु भएन । पछि खबर के आयो प्रचण्डजीको भनाइले भने 'मलाई राष्ट्रपतिले बोलाएको हुनाले म उहाँलाई भेट्न गएँ' भन्ने प्रकारको एउटा म्यासेज आयो । त्यसपछि त्यो बैठकमा प्रधानमन्त्रीजी आउँदैआउनुभएन । यसको बारेमा हामी भोलि बोल्छौं । प्रचण्डजीले भारतको पक्ष लिएको पनि छैन । अर्को खड्ग ओलीजीको सिधैं राजीनामा पनि माग्नुभएको छैन ।

**तपाईं त पुरानो कम्युनिस्ट नेता हो जनतासामु झुटो नबोल्नुस् न ?**

म झुटो बोल्दिँन । त्यहाँ भएको त्यहीं जुन मैले भनैं । अर्को प्रचण्डले हामीले पार्टीलाई एकबद्ध भएर अगाडि बढौं । समाजवादको लक्ष्य राखेको पार्टीले त्यसका कार्यविधि र कार्यक्रमहरूलाई अगाडि बढाऔं । यो २०१७ पछिको बहुमत प्राप्त सरकार हो । यस्तो सरकारले सानातिना कुरामा अलमलिनुभन्दा कामतिर जानुपर्छ । भनेर पार्टीलाई सुदृढ गरेर अगाडि बढौं भन्दाभन्दा प्रधानमन्त्रीबाट यी कुरा आइसकेपछि र पार्टी पनि दर्ता भयो भन्ने पनि हल्ला छ । यदि त्यो साच्चै हो भने अर्को भारतले मलाई हटाउँदै छ भनेर हिड्न थाल्नुभयो भने त्यसका पछाडि सबै नेताहरू लागेछन् भनेर लान्छना लगाउनुहुन्छ भने पक्कै पनि भोलि प्रधानमन्त्रीको राजीनामा माग्छौं भन्ने प्रचण्डको भनाइ हो ।

**यथास्थितिमा हामी छोड्नौ प्रधानमन्त्रीले राजीनामा दिनुपर्छ भन्ने प्रचण्डको भनाइ हो ?**

हो, प्रचण्डजीबाट त्यो भनाइ आएको छ ।

**त्यसोभए प्रधानमन्त्रीले राजीनामा दिनुहोला ?**

खड्जी मेरो पुरानो साथी देशको प्रधानमन्त्री पनि हो । कम्युनिस्ट आन्दोलनमा मभन्दा अलि जुनियर पनि हो । त्यसैले उहाँहरूलाई डोर्याउने व्यक्ति पनि म हुँ । मैले उहाँलाई धेरै माया पनि गर्छु ।

**अब प्रधानमन्त्रीको राजीनामा आएन भने तपाईंहरू कस्तो कदम चाल्नुहुन्छ ?**

अहिले नै प्रधानमन्त्रीको राजीनामा आइहाल्छ भन्ने पक्षमा म छैन ।

**पार्टीले माग्दा पनि राजीनामा पनि दिनुहुन्न ?**

यसमा म चाहीं गुटबन्दी नगरौं भन्छु । त्यहाँ गुटबन्दी पनि भएको छ । हामीले हेर्दा सत्य, तथ्य हेर्नुपर्छ । अझ मैले त यो एमसीसी, नागरिकताको कुराले विवाद ल्याउँछ । त्यसले फेरि कालापानी, लिपुलेक र लिम्पियाधुराको विवाद ओझेलमा पार्छ त्यसैले स्थगत गरौं पनि भनेको छु । अर्को कुरा उहाँलाई मौका पनि दिइएको छ । त्यसमा उहाँले आफना गल्ती, कमजोरीप्रति आत्मालोचना किन नगर्ने ?

**प्रधानमन्त्रीले त मैले जे गरेको ठीक गरेको छु भन्नुभएको छ नि ?**

प्रधानमन्त्रीजीले सबै नराम्रा काम गरेको भनेका छैंनौं । उहाँ केही सकारात्मक कामहरू पनि छन् । तर, केही भ्रष्टाचारका कुराहरू केही पार्टीभित्रका कुराहरू, नातावाद, कृपावाद, बिकृतिविसंगतिहरू हेर्दा प्रधानमन्त्रीका केही आलोचित काम हरूछन् । यी कुराहरू उहाँलाई हामीले देखाउने हो ।

**तपाईंले यी कुराहरू देखाउँदा पनि उहाँले मान्नुभएन भने के गर्नुहुन्छ ?**

हाम्रा प्रधानमन्त्रीजी पार्टीभन्दा ठूलो हो ?

**प्रधानमन्त्री पद ठूलो होइन ?**

शासकीय दृष्टिकोणले प्रधानमन्त्री ठूलो हो । तर, दलीय राजनीतिमा प्रधानमन्त्री भनेको जनताले चुनाका प्रतिनिधिहरूबाट चुनिएकाले उहाँ उत्तरदायी कोसँग हुनुपर्छ । संसदमा हुनुपर्‍यो । ती संसद् पनि पार्टीबाट आएका छन् । प्रधानमन्त्रीजी र प्रचण्डजी पार्टीको अध्यक्ष हुनुहुन्छ । उहाँहरू नै पार्टीप्रति जवाफदेही हुनुभएन भने पार्टी नै भएन, स्वच्छाचोरीता भयो । त्यो अधिकार न प्रचण्डजीलाई छ, न त प्रधानमन्त्रीलाई, न मलाई न अरू कुनै साथीहरूलाई छ ।

**यदि प्रधानमन्त्रीले राजीनामा दिनुभएन भने उहाँलाई बहमुतका आधारमा संसद्बाट हटाउन सक्नुहुन्छ ?**

तपाईंले सही कुरा सोध्नुभयो । कसले हटाउन सक्छ उहाँलाई त त्यसका प्रक्रियाहरू छन् ।

**प्रक्रियामा जानुहुन्छ ?**

हिजो पार्टी एकता किन भयो ? आफ्ना स्वार्थका लागि, पद बाँडफाट गर्नका लागि भएको हो कि लक्ष्यको लागि ?समाजवादको लक्ष्य प्राप्त गर्न भएको हो । तर अहिले आएर स्वार्थैस्वार्थको प्रतिस्पर्धा भयो । पार्टीले भनेको प्रधानमन्त्रीले नमान्ने । यता नेताजीहरू पनि झिनामसिना कुरा उठाएर गुटबन्दीतिर लाग्ने । म चाहीं अझै पनि गुटउपगुटबाट पार्टीलाई जोगाएर जानुपर्छ भन्ने पक्षमा छु । त्यसले अहिले नै प्रधानमन्त्रीको राजीनामा पनि मागिहाल्ने बेला भएको छैन । उहाँले राजीनामा माग्नेबित्तिकै दिनुपनि हुन्न । वैकल्पिक बाटो पनि खोज्नुभएको होला । सायद पार्टी दर्ताले त्यसको संकेत गर्छ ।

**अब प्रधानमन्त्रीले पार्टी फुटाउनुभयो भने के गर्नुहुन्छ ?**

यो त इतिहासको यत्रो दुई तिहाईको सरकार भएको बेलामा प्रधानमन्त्री आफै यो पार्टी फुटाउनेतिर उद्दत हुनुभयो भने इतिहासले उहाँलाई क्षमा दिनेवाला छैन । त्यो किन दिँदैन भने उहाँलाई काम गर्ने मौका जनताले दिइएका छन् नि ।

**प्रचण्डले त प्रधानमन्त्रीलाई सधैं असहयोग गरिरहनुभएको छ नि ?**

यसमा खड्ग ओलीका सबै दोषैदोष, प्रचण्डजीका सबै ठिकैठीक पनि म भन्दिँन ।

**यदि यो पार्टी फुट्यो भने के हुन्छ ?**

यो पार्टी फुट्दैन मलाई त्यही लाग्छ । यीनै सानातिना कुरामा पार्टी फुट्यो भने त्यो भन्दा दुर्भाग्य अरू केही हुँदैन । यदि कसैले आफना स्वार्थपूर्तिका लागि पार्टी नै फुटाउँछ भने उसलाई इतिहासले क्षमा दिँदैन ।

म झुटो बोल्दिँन । त्यहाँ भएको त्यहीं जुन मैले भनैं । अर्को प्रचण्डले हामीले पार्टीलाई एकबद्ध भएर अगाडि बढौं । समाजवादको लक्ष्य राखेको पार्टीले त्यसका कार्यविधि र कार्यक्रमहरुलाई अगाडि बढाऔं । यो २०१७ पछिको बहुमत प्राप्त सरकार हो । यस्तो सरकारले सानातिना कुरामा अलमलिनुभन्दा कामतिर जानुपर्छ । भनेर पार्टीलाई सुदृढ गरेर अगाडि बढौं भन्दाभन्दा प्रधानमन्त्रीबाट यी कुरा आइसकेपछि र पार्टी पनि दर्ता भयो भन्ने पनि हल्ला छ । यदि त्यो साच्चै हो भने अर्को भारतले मलाई हटाउँदै छ भनेर हिड्न थाल्नुभयो भने त्यसका पछाडि सबै नेताहरु लागेछन् भनेर लान्छना लगाउनुहुन्छ भने पक्कै पनि भोलि प्रधानमन्त्रीको राजीनामा माग्छौं भन्ने प्रचण्डको भनाइ हो ।

नेपाल दूरसञ्चार प्राधिकरण NEPAL TELECOMMUNICATIONS AUTHORITY

**दूरसञ्चार सेवाको प्रयोग सम्वन्धमा बुझिराख्नु पर्ने केही कुराहरु**

- आफ्नो नाममा दर्ता भएको कुनै पनि टेलिफोन/मोबाइल अर्कैले प्रयोग गरी दुरुपयोग हुन सक्ने सम्भावना भएको र कतिपय अपराधिक घटनाहरु मा यस्ता दूरसञ्चार सेवाको प्रयोग भएको पाईएकोले आफ्नो नाममा दर्ता भएको टेलिफोन/मोबाइल दुरुपयोग हुनबाट सचेत होऔं, साथै नियमानुसार नामसारी गरेर मात्र अरुलाई प्रयोग गर्न दिने बानी बसालौं ।
- अनाधिकृत दूरसञ्चार सेवाको प्रयोग/विस्तार कानूनत दण्डनीय छ । तसर्थ नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले प्रदान गरेको सेवा मात्र प्रयोग गर्ने तर्फ सजग होऔं ।
- कुनै अपरिचित व्यक्तिलाई आफ्नो मोबाइल फोन प्रयोग गर्न नदिउँ । यदि आवश्यकता नै परेमा उसको बारेमा बुझेर मात्र प्रयोग गर्न दिउँ ।
- तपाईले खरिद गर्न लाग्नु भएको प्रि-पेड मोबाइलको सिम कार्ड Seal Open भएको, Balance कम भएको वा पहिले नै रजिष्टर भैसकेको हुन सक्ने भएकोले त्यसमा सचेत हुनु होस् र पछि आईपर्ने झन्झटबाट मुक्त हुनु होस् ।
- दूरसञ्चार सेवाका उपभोक्ताहरुले आफ्नो टेलिफोन/मोबाइल हराएमा वा चोरी भएमा सम्बन्धित सेवा प्रदायकको सोधपुछमा सम्पर्क राखी बन्द गराउनु होला, जसको कारणले तपाईको हराएको वा चोरी भएको मोबाइल फोन दुरुपयोग हुनबाट बच्न सक्नुहुनेछ ।

नेपाल दूरसंचार प्राधिकरण
कमलादी, काठमाडौं, नेपाल
फोन नं.९७७-१-४२५५४७४
फ्याक्स: ९७७-१-४२५५२५०
, पो.ब.नं.: ९७५४,
ई-मेल: ntra@nta.gov.np
वेभसाइट: www.nta.gov.np

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# मेगा बैंक सशक्त बन्दै

काठमाडौं । पोखरामा केन्द्रीय कार्यालय रहेको गण्डकी विकास बैंकलाई प्राप्ति गरी मेगा बैंक नेपाल लिमिटेडले विधिवत रुपमा संयुक्त कारोबार शुभारम्भ गरेको छ । आइतबार पोखरामा एक समारोहका बीच गण्डकी विकास बैंकलाई मेगा बैंकमा प्राप्तिको घोषणा गरिएको हो । उक्त कार्यक्रममा गण्डकी प्रदेश प्रमुख अमीक शेरचनले 'हलोदेखि हाइड्रोसम्म' भन्ने नारालाई सार्थक बनाउँदै मध्यमवर्गीय नेपालीको बैंक बन्न मेगा बैंकलाई सुझाव दिनुभयो । छोटो समयमै मेगा बैंक देशकै अग्रणी बनेकोमा आफूलाई खुसी लागेको भन्दै उहाँले आगामी दिनमा पनि व्यावसायिक सफलताका लागि शुभकामना दिनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेश सभाका सदस्य बिन्दुकुमार थापा र पोखरा महानगरपालिकाका नगर प्रमुख मानबहादुर जि.सी.ले गण्डकी विकास बैंकलाई प्राप्ति गरेकोमा मेगा बैंकलाई बधाई तथा शुभकामना दिनुभयो । समारोहमा साबिक गण्डकी विकास बैंक सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुलाई बैंकको श्रीबृद्धिका लागि पुऱ्याउनु भएको योगदानको कदर गर्दै सम्मान गरिएको थियो ।

कार्यक्रममा मेगा बैंक सञ्चालक समितिका अध्यक्ष भोजबहादुर शाहले गण्डकी विकास बैंकलाई प्राप्ति गरी आजबाट संयुक्त कारोबार शुभारम्भ गर्न पाउँदा अत्यन्तै उत्साहित भएको बताउनुभयो । पोखरामा केन्द्रीय कार्यालय रहेको र ९५ वटा शाखा कार्यालय रहेको गण्डकी विकास बैंक मेगा परिवारमा समाहित भएको घोषणा गर्दै उहाँले पुँजी, व्यवसायको आकार र शाखा सञ्जालमा बृहत वृद्धि भई मेगा बैंक देशकै ठूलो मध्येको एक ूकू वर्गको वाणिज्य बैंकको रुपमा स्थापित भएको बताउनुभयो । अध्यक्ष शाहका अनुसार, मेगा बैंक र गण्डकी विकास बैंकको शेयर आदान प्रदान अनुपात १:१ रहेको छ ।

कार्यक्रममा बोल्दै साबिक गण्डकी विकास बैंक सञ्चालक समितिका अध्यक्ष सुशील गौचनले मेगा बैंकमा समाहित हुन पाउँदा आफूहरु अत्यन्तै हर्षित भएको बताउनुभयो । गण्डकी विकास बैंकले स्थापनाको छोटो सयममै गण्डकी प्रदेशसहित विभिन्न प्रदेशका ग्राहकहरुको मन जित्न सफल भएको स्मरण गर्दै उहाँले अब त्यो विश्वास र माया मेगा बैंकमा सरेको बताउनुभयो ।

मेगा बैंक सञ्चालक समितिका सदस्य एवं मर्जर समितिका संयोजक मदनकुमार आचार्यले लकडाउनको कठिन परिस्थितिमा पनि गण्डकी विकास बैंक प्राप्ति प्रक्रियालाई सफल बनाउन पाउँदा खुसी लागेको बताउनुभयो । प्राप्ति प्रक्रियामा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवाला, नेपाल राष्ट्र बैंक, मेगा बैंक तथा गण्डकी विकास बैंकका सञ्चालक समिति र शेयरधनीहरुलाई आभार व्यक्त गर्नुभयो ।

कार्यक्रममा मेगा बैंक नेपाल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अनुपमा खुञ्जेलीले गण्डकी प्रदेशका ११ वटै जिल्लामा शाखा कार्यालय विस्तार भएको गण्डकी विकास बैंकलाई प्राप्ति गरेपछि गण्डकी प्रदेशमा मात्रै मेगा बैंकको शाखा सञ्जाल ४८ वटा भएको बताउनुभयो । अब मेगा बैंकको शाखा सञ्जालका हिसाबले वागमती प्रदेशपछि गण्डकी प्रदेश दोस्रो नम्बरमा रहेको उहाँले बताउनुभयो । उत्कृष्ट व्यवसाय गरिरहेको गण्डकीलाई प्राप्ति गरेपछि मेगा बैंकको ओज बढेको उल्लेख गर्दै उहाँले मेगा बैंकको शाखा सञ्जाल अब ५८




वटा जिल्लामा फैलिएको जानकारी दिनुभयो ।

सिइओ खुञ्जेलीका अनुसार, देशका २७ वटा 'क' वर्गका वाणिज्य बैंकमध्ये मेगा बैंक निक्षेपका आधारमा ११औं स्थान, कर्जाका आधारमा १२ औं र मुनाफाका आधारमा ११औं स्थानमा रहेको छ । यसैगरी, मेगा बैंकको कर्मचारी संख्या पनि १२ सयबाट १८ सय पुगेको छ । ९५ वटा शाखा सञ्जाल रहेको गण्डकी विकास बैंकको चुक्ता पुँजी २ अर्ब ७५ करोड रहेको थियो । २०७७ चैत्र मसान्तको एकीकृत तथ्याङ्कका आधारमा मेगा बैंकको निक्षेप १ खर्ब २५ अर्ब भन्दा बढी र कर्जा १ खर्ब ९ अर्ब भन्दा बढी रहेको छ । ग्राहकको विश्वास जित्दै प्रतिष्ठित 'बैंक अफ दि एयर २०१९' पुरस्कारबाट समेत सम्मानित भएको मेगा बैंकको ग्राहक संख्या अब ११ लाख भन्दा बढी भएको छ भने शाखा संख्या २ सय ६ वटा, एक्सटेन्सन काउन्टर ३० वटा र एटीएम १ सय ४२ वटा भएको छ ।

# सेन्चुरि बैंकद्धारा जेहन्दार बिद्यार्थीलाई झोला बितरण

बैंकिङ खबर । सेन्चुरि कम्मर्सियल बैंक मेल्लेख शाखाले मेल्लेख गाउपालिका अन्तर्गतका ३८ बिद्यालयका ७६ जना बिद्यार्थीहरुलाई झोला बितरण गरेको छ। बैंकको संस्थागत समाजिक उतरदायित्व कार्यक्रम अन्तर्गत गरिब तथा जेहेन्दार बिद्यार्थीहरुलाई झोला बितरण गरिएको बैंकका मेल्लेख शाखा प्रबन्धक ललित ताम्राकारले बताउनु भएको छ । गरिब तथा उतकृष्ट बिद्यार्थीलाई मेल्लेखका आठै वडाबाट बिद्यार्थीलाई छनौट गरि बितरण गरिएको प्रबन्धक ताम्राकारले बताउनुभएको हो । बिद्यार्थीहरुलाई सहयोग पुग्ने गरि उनिहरुको उच्च मनोबल बृद्धि गर्नका साथै शैक्षिक गुणस्तर बृदिमा सहयोग पुग्ने गरि कार्यक्रम आयोजना गरीएको उहाको भनाइ छ। यसरी मेल्लेख शाखाको सेन्चुरि कम्मर्सियल बैंकक ले गरिब तथा जेहेन्दार बिद्यार्थी हरुलाइ झोला बितरण गरेकोमा मेल्लेख गाउपालिका अध्यक्ष लोक बहादुर बोहोराले बैंक लाई धन्यवाद दिदै आगामि बर्ष पनि यस्ता खालका कार्यक्रम ल्याउन पर्नेमा जोड दिनुभयो। उक्त कार्यक्रममा मेल्लेख शिक्षा शाखा प्रमुख बिरेन्द्र खड्का, पुर्ब शिक्षा शाखा सयोजक कालुसिह बोहोरा लगायत बैकका सम्पूर्ण कर्मचारीको सहभागिता रहेको थियो।

# सिटिजन्समा गाभियो सहयोगी विकास बैंक

काठमाडौं । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले नेपाल राष्ट्र बैंकबाट ख वर्गको इजाजत प्राप्त सहयोगी विकास बैंक लिमिटेड (जनकपुर केन्द्रीय कार्यालय रहेको) लाई नेपाल राष्ट्र बैंक तथा कम्पनी रजिष्ट्रारको कार्यालयको स्वीकृति पश्चात प्राप्ति गरी शनिबारबाट एकीकृत कारोबार शुभारम्भ गरेको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र साबिकको सहयोगी विकास बैंक लिमिटेडका सञ्चालक तथा उच्च व्यवस्थापनका कर्मचारीहरु सहभागी भएको एक विशेष समारोह बीच सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारीले संयुक्त कारोबारको शुभारम्भ गरे ।

२०७७ आषाढ १९ गते सम्मको तथ्यांकको आधारमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले सहयोगी विकास बैंक लिमिटेडलाई प्राप्ति गरेपछि सर्वसाधारणबाट उठाएको निक्षेप रु. ९१ अर्ब ३५ करोड रुपैयाँ र सर्वसाधारणलाई दिएको ऋण लगानी रु. ७९ अर्ब ५८ करोड रुपैयाँ पुगेको छ । प्राप्ति पश्चात




बैंकको कुल शाखा १०९ पुगेको छ ।

हाल सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको चुक्ता पूँजी ८ अर्ब ६२ करोड रुपैयाँ रहेकोमा प्राप्ति पछिको चुक्ता पूँजी ९ अर्ब ८ करोड रुपैयाँ रहेको छ । धनुषा, महोत्तरी मा हाल ४ वटा शाखाहरुबाट सेवा प्रदान गर्दै आएको यस बैंकले अब उपरान्त कुल १७ वटा शाखाहरुबाट उच्चस्तरीय वित्तीय सेवाहरु थप परिस्कृत रुपमा प्रदान गर्नेछ जसबाट यस क्षेत्रका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

उक्त कार्यक्रममा बोल्दै सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका सञ्चालक समितिका अध्यक्ष राजन सिंह भण्डारीले यस प्राप्ति पश्चात बैंकको आन्तरिक वित्तीय, मानवश्रोत, प्राविधिक एवं अन्य क्षमता अभिवृद्धि हुने कुरा व्यक्त गरे । मर्जर र प्राप्तिबाट संख्या घटाउने नेपाल राष्ट्र बैंकको नीतिलाई सहयोग पुग्ने विश्वास र यस किसिमको प्राप्तिले व्यवसायिक क्रियाकलाप एवं देशको समग्र वित्तीय क्षेत्रको गतिविधिमा समेत विशेष योगदान पुग्ने विश्वास भण्डारीले जाहेर गरे ।

त्यसै गरी साबिकको सहयोगी विकास बैंक लिमिटेडका सञ्चालक समितिका अध्यक्ष उदय कान्त झा ूजीवनू ले सहयोगी विकाश बैंक लिमिटेडका ग्राहक, कर्मचारी र लगानीकर्ताहरुको हित र भविष्य सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा अझ झन् सुरक्षित र उज्वल हुने कुरा अभिव्यक्त गरे ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै सिटिजन्स बैंक इन्टरनेसेनल लिमिटेडका संचालक तथा मर्जर तथा प्राप्ति समितिका संयोजक प्रवल जंग पाण्डेले प्राप्ति पश्चात बैंकको प्रतिस्पर्धात्मक क्षमताको अभिबृद्धि हुने, बैंकको वित्तीय, मानव-संशाधनका साथै प्राविधिक एवं अन्य क्षमताको अभिवृद्धि भई ग्राहक वर्गलाई आधुनिक, गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग सुविधा प्रदान गर्न सहज हुने कुरा व्यक्त गरे ।

देशको बैंकिङ्ग तथा वित्तीय प्रणालीलाई सुशासित, सुरक्षित, स्वस्थ, कुशल तथा सक्षम बनाई वित्तीय क्षेत्रको स्थायित्व कायम गर्न मद्दत पुग्ने विश्वास अभिव्यक्त गरे ।

संयुक्त कारोबारको शुभारम्भ समारोहमा बोल्दै सिटिजन्स बैंक इन्टरनेसेनल लिमिटेडका प्रमुख कार्यकारी अधिकृत गणेश राज पोखरेलले मर्जर पश्चात कर्मचारीहरुको उचित ब्यवस्थापन र दक्षता अभिवृद्धि गरी बैंकको व्यवसाय वृद्धिका लागि ठोस कार्यक्रमहरु अबलम्बन गर्ने बताए ।

बैंकको बढ्दो ब्यवसाय, शाखा/सञ्जाल तथा अन्य स्रोतहरुबाट सृजित हुन सक्ने जोखिमहरु अध्ययन गरि पहिचान गर्ने तथा त्यस्ता जोखिमको उचित व्यवस्थापन गरी संभावित हानीलाई न्यून गर्नको लागि स्थापित जोखिम व्यवस्थापन संयन्त्रलाई थप प्रभावकारी बनाउँदै जाने योजना रहेको व्यहोरा जाहेर गरे ।

मुख्यत प्रदेश नं २ मा सेवा दिदैं आएको साबिकको सहयोगी विकास बैंक लिमिटेडको १३ वटा शाखाहरु गरी यस प्रदेशमा बैंकले कुल २१ वटा शाखााहरुबाट सेवा प्रदान गर्नेछ । बैंकले करिव साढे पाँच लाख ग्राहकवर्गलाई वित्तीय सेवा प्रदान गर्दे आएकोमा अबवाट करिव साढे ६ लाख ग्राहकवर्गलाई सेवा प्रदान गर्नेछ । यस प्राप्ति पश्चात सिटिजन्स बैंकको प्रदेश नं २ मा उपस्थिति झन् दरिलो हुने कुरा बैंकका प्रमुख कार्यकारी अधिकृत पोखरेलले बताउनु भएको छ ।

मिति २०६४ बैशाख ७ गते देखि २० औं वाणिज्य बैंकको रुपमा बैकिङ्ग कारोबार शुरु गरेको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले यस अगावै नेपाल राष्ट्र बैंकबाट ग वर्गको इजाजत प्राप्त संस्था पिपल्स फाइनान्स लिमिटेड, नेपाल हाउसिङ्ग एण्ड मर्चेण्ट फाइनान्स लिमिटेड र प्रिमियर फाइनान्स लिमिटेडलाई प्राप्ति गरिसकेको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १०९ वटा शाखा, ९८ वटा ए.टि.एम. र १०४ वटा शाखा रहित बैंकिङ्ग एकाईहरुबाट करिव साढे ६ लाख ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गर्दै आएको छ ।ग्राहकवर्गहरुलाई विभिन्न किसिमका निक्षेप तथा कर्जा सुविधाहरु, घरैमा बसेर बैंक खाता खोल्न सकिने अनलाईन सुविधा, रेमिट्यान्स सेवा, आस्वा, ड्राफ्ट, कार्ड सेवा,साथै कुनै पनि शाखाबाट रकम झिक्न र राख्न सकिने जस्ता सुविधाहरु प्नि उपलब्ध गराउँदै आएको छ । सूचना प्रविधिमा आएको परिवर्तनलाई अंगिकार गर्दै यस बैंकले ग्राहकवर्गलाई घरमै बसेर छिटो, छरितो, चुस्त र दुरुस्त रूपमा वित्तीय सेवा सुविधा उपभोग गर्न मिल्ने विभिन्न प्रविधिमैत्री योजनाहरु समेत संचालनमा ल्याएको छ ।

# बैकिङ्ग संसार

## बैंक अफ काठमाण्डू लिमिटेडको बीमा सुबिधा उपलब्ध

बैंक अफ काठमाण्डू लिमिटेडले बिओके सफलता मुद्दती खातामा उच्चतम व्याजदरका साथ रु. एघार लाखसम्मको बीमा सुबिधा उपलब्ध गराउदै आईरहेको छ । बीमा सुबिधा अर्न्तगत दुर्घटनाजन्य मृत्यु तथा पूर्ण अशक्तता लागि रु. पाँच लाख, १८ घातक रोगहरुको लागि रु. पाँच लाख तथा औषधी उपचारको लागि रु. एक लाखको बीमा सुबिधा रहेको छ । यस खातामा रहेका सुबिधाहरुको लाभ लिन श्रीमती शुभद्रा श्रेष्ठज्यूले बैंक अफ काठमाण्डू लिमिटेडको साँखु शाखामा बिओके सफलता मुद्दती खाता खोली बैंकिङ्ग कारोबार गर्दै आईरहनु भएको छ । श्रीमती श्रेष्ठज्यूले आफ्नो उपचारको लागि अस्पतालबाट बहिरंग सेवा लिनु भएको थियो । बैंकको उक्त मुद्दती खाता खोली बैंकिङ्ग कारोबार गर्दै आईरहनु भएकी निज श्रेष्ठज्यूले औषधी उपचारको लागत खर्च बापत नियम बमोजिम भुक्तानी पाउनु भएको छ । बैंकले सफलता मुद्दती खातामा रहेको बीमा सुबिधा श्री सिद्धार्थ इन्स्योरेन्स कम्पनी लिमिटेडसंगको सहकार्यमा उपलब्ध गराउँदै आईरहको छ ।

बैंकको सहायक महाप्रबन्धक श्री मनिष कुमार सिंहज्यूले बीमा दाबी रकम बैंकको निक्षेप ग्राहक श्रीमती शुभद्रा श्रेष्ठज्यूलाई हस्तान्तरण गर्नुभयो । उक्त कार्यक्रममा श्री सिद्धार्थ इन्स्योरेन्स कम्पनी लिमिटेडको जोरपाटी शाखाका प्रबन्धक श्री उत्तम राज जोशीज्यूको उपस्थीती रहेको थियो । बैंकले हाल ८९ शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टर मार्फत आफ्ना ग्राहक महानुभावहरुलाई बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आईरहेको छ ।

## कञ्चन डेभलपमेन्ट बैंकको विशेष साधारण सभा सम्पन्न

काठमाडौं । कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा केन्द्रीय कार्यालय रहेको सुदुरपश्चिमको आर्थिक बिकासको सहयात्री कञ्चन डेभलपमेन्ट बैंकको विशेष साधारण सभा आज मिती २०७७ आषाढ २१ गते आईतबार होटेल ओपेरामा बर्तमान परिस्थितीलाई मध्यनजर गर्दै कोभिड -१९ को संभावित संक्रमणवाट बच्ने आवश्यक सुरक्षात्मक सामाग्रीहरु अवलम्बन गर्दै सञ्चालक समितीका




अध्यक्ष शिव सिंह कार्कीको सभापतित्वमा सम्पन्न भएको छ । सभाको सञ्चालन प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव विरुराम जैशीले गर्नु भएको थियो । स्वागत मन्तब्य सञ्चालकज्यु हिक्मत बहादुर शाहले गर्नुभएको थियो । एनएमबि बैंक लिमिटेडको १०० कित्ता शेयर बरावर कञ्चन डेभलपमेन्ट बैंक लिमिटेडका शेयरधनीहरुलाई ८५ कित्ता शेयर प्रदान गर्ने शेयर मुल्य अनुपात (क्धबउ च्वतष्य) १००:८५ अनुपातका दरले एनएमबि बैंक लिमिटेडसंग प्राप्तीमा जाने र उक्त क्रममा आवश्यक अन्य प्रस्तावहरु सहित सञ्चालक समितिको तर्फवाट अध्यक्ष शिव सिंह कार्कीले पेश गर्नु भएका सबै प्रस्तावहरु विशेष साधारण सभामा सर्वसम्मतीवाट पारित गरीएको छ । सो कार्यक्रममा भुवनेश्वरी रावल, जगदीश बहादुर पाल, पुर्व सञ्चालक कृष्ण प्रसाद पाठक, लक्ष्मी दत्त बोहरा, जय बहादुर चन्द, प्रेम बहादुर चन्द र धर्मराज जोशीले आ-आफ्नो भनाई राख्नु भएको थियो । सञ्चालकहरुको तर्फवाट भरत बहादुर रोकाया, विष्णु सिंह विष्ट र खगेश्वर वोहराले आ-आफ्नो भनाई राख्नुका साथै उपस्थित् सम्पुर्ण शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो भने अध्यक्ष शिव सिंह कार्कीले दशकौं सम्म कञ्चन डेभलपमेन्ट बैंकलाई सुदुरपश्चिममा सक्षम बनाउन पुर्ण सहयोग गरेकोमा सम्पुर्ण शेयरधनीहरुलाई धन्यवाद ज्ञापन गर्दे बैंक एउटा राष्ट्रिय स्तरको सवल बैंकसंग प्राप्तीमा जाने भएकाले बर्तमान परिस्थिती, आर्थिक अवस्था र समय मुताविक सबैको हितमा भएको प्रस्ट पार्दै सभाको औपचारिक समापन गर्नुभयो ।

## बेष्ट फाइनान्सको २३ औं बार्षिक साधारण सभा सम्पन्न

काठमाडौं । बेष्ट फाइनान्सको २३ औं बार्षिक साधारण सभा आज बिहिबार काठमाडौंमा सम्पन्न भएको छ । संचालक समितिका अध्यक्ष अमिरध्वज प्रधानको सभापतित्वमा सम्पन्न सभाले आ.ब. २०७५/७६ को संचालक समितिको प्रतिवेदन तथा बार्षिक वित्तीय विवरणमाथि छलफल गरि पारित गरेको बताइएको छ । आ.ब. २०७६/७७ का लागि लेखा परिक्षकको नियूक्ती गर्नूका साथै सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने संचालकहरु क्रमशः अमिरध्वज प्रधान र दिपक ढकालको बांकी कार्यकालको नियूक्तीलाई समेत अनूमोदन गरिएको प्रमूख कार्यकारी अधिकृत तोयराज अधिकारीले बताउनुभयो ।




साधारण सभामा शेयरधनीहरुले राखेका प्रश्न एवं जिज्ञासाहरुको जवाफ तथा जानकारी संस्थाका अध्यक्ष अमिरध्वज प्रधान र संस्थाको भावी योजना सम्बन्धमा प्रमूख कार्यकारी अधिकृत तोयराज अधिकारीले प्रष्ट पार्नुभएको जनाइएको छ ।

# लाचार र निकम्मा सरकार



कृष्ण बहादुर बोगटी काका
धुम्बाराही ४ काठमाण्डौ
हाल : चक्रबहिल- १२, ललितपुर

म जस्तो घरबार विहिनलाई भ्रष्टाचारीले झुटो आरोप लगाई फसाई दियो पैसा हुनेले सफाई पायो मैले गर्दै नगरेको गल्ती ले पनि ४८ महिना दुई दिन जेल बस्नु पर्‍यो। पैसा हुनेहरु जेलको स्टाफ सुविधा लिई कामै नगरे पनि बर्षको डेड दुइ महिना सुविधा लिन्छन मैले भने तिन बर्ष स्टाफ भै काम गर्दा उल्टै दुई दिन बडी जेल बस्नु पर्‍यो श्री सम्मानित अदालतले तोके भन्दा पनी बढी कैद बस्नु पर्‍यो त्यसको कारण पनी गरिबी नै हो नियम कानुन पैसा नहुने घरबार विहिनलाई मात्र लाग्ने गर्छ त्यसको पनी प्रमाण छ तर पनी पैसा पाहुर हुने भ्रष्टले लगाएको आरोप भएकोले कुनैपनी निकायले गरिबको पक्ष लिने रहेनछ भन्ने कुरा प्रमाणित भैसकेको छ। अब कुनैपनि घरबार विहिन निर्दोष गरिब झुटो आरोपमा नफसोस मेरो यही कामना छ। गरिबको नाम विक्री गरेर खाने संस्था खारेज गरी सञ्चालकलाई कार्वाही गर्नु पर्छ नत्र फेरी अर्को निर्दोष नफसला भन्न सकिन्न मलाई फसाउने नै जेलमा आई धम्की समेत दिएकोले पनि दुई दिन बढी जेल बस्नु परेको हुनुपर्छ। स्टाफ बसेको प्रमाण पनि यसै साथ छ। मलाई फसाउने संस्थाको हाकि जेलैमा आइ गोरी प्रधानको विरोध नगरे कुनैपनी सहयोग गरौला विरोध गरे फेरी फसाई दिउँला भनी प्रोग्राम अफिसर कुमार भट्टराईले जेलैमा आइ धम्की दिएर गए। तर मैले केही गर्न सकिन किनभने जेलमा रहँदा कुनै ठुलो सोर समेत गर्न पाइदैन मैले सुनिरहे र सहेरै बसे जेलबाट मुक्त भएपछि धेरै लेखहरुद्वारा तिनीहरुको गतिविधिको बारेमा विरोध गरे प्रमाण समेत राखी प्रकाशित गरे तर केही भएन। धन्यवाद, मेरो नेपाल आमा।

# विद्यालयमा राखिएका क्वारेन्टिनको विकल्प खोज्दै प्रशासन

सुर्खेत। जिल्ला प्रशासन कार्यालय सुर्खेतले क्वारेन्टिनका रूपमा प्रयोग गरिएका यहाँका सरकारी तथा सामुदायिक विद्यालयहरूको विकल्प खोज्न थालेको छ। प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि विद्यालय क्वारेन्टिनमा प्रयोग भइरहँदा बालबालिकाको पठनपाठनमा बाधा हुने कुरालाई मध्यनजर गर्दै ती क्वारेन्टिनको विकल्प खोज्न थालिएको कार्यालयका सूचना अधिकारी पदमलाल लामिछानेले जानकारी दिनुभयो।

"बैठकले भारत, तेस्रो मुलुकलगायत अन्य जिल्लाबाट मानिस आउने क्रम केही कमी भए पनि हालसम्म नरोकिएको र कोरोनाको सङ्क्रमणसमेत नियन्त्रणमा आउन नसकेकाले उच्च सावधानी अपनाउनुपर्नेमा जोड दिएको छ", उहाँले भन्नुभयो, "मूलतः सुरक्षा व्यवस्थामा सहजता ल्याउन र विद्यालयमा रहेका क्वारेन्टिनलाई पालिकास्तरमा एकीकृतरूपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनेतर्फ जोड दिइएको छ।"

लामो समयसम्म कोभिड(१९ का कारण विद्यालय बन्द रही बालबालिकाको पठनपाठनमा बाधा परेको र क्वारेन्टिनमा बस्ने व्यक्तिहरूको सङ्ख्या क्रमशः घट्दै गइरहेकाले सम्भव भएसम्म अन्य भवनको प्रयोग गरी विद्यालयबाट क्वारेन्टिन हटाई पठनपाठन सहज हुने वातावरण मिलाउँदै जाने निर्णय गरिएको सूचना अधिकारी लामिछानेले बताउनुभयो।

उहाँका अनुसार सुर्खेतका आधारभूत विद्यालयदेखि विश्वविद्यालय गरेर १७५ शैक्षिक संस्थामा क्वारेन्टिन सञ्चालन भएका छन्। भारतबाट आएका यो जिल्लाका १४ हजार ८१९ मा उक्त शैक्षिक संस्थाहरूमा सञ्चालन गरिएका क्वारेन्टिनमा १२ हजार ८७० नागरिक बसेका छन्। क्वारेन्टिन सञ्चालनले विद्यालयमा आगामी दिनमा पर्ने असरबारे पनि अध्ययन गर्ने जनाइएको छ।

त्यस्तै विपद् व्यवस्थापन अन्तर्गत विभिन्न क्लष्टरको नेतृत्व गर्ने कार्यालय, सङ्घसंस्थाहरूले हुनसक्ने विपद्लाई मध्यनजर गरी आवश्यकतानुसार नियमित समन्वय र सम्पर्कको माध्यमबाट तयारी अवस्थामा रहने निर्णय गरिएको उहाँले बताउनुभयो। हाल नेपालमा देखिएको सलहको प्रकोपबाट सुर्खेतसमेत प्रभावित भएकाले यहाँको कृषि बाली नष्ट हुनबाट बचाउने कार्यलाई पनि अघि बढाइने उहाँको भनाइ छ। सलहको झुण्डहरू कुन दिशाबाट आएको, कति सङ्ख्यामा रहेको साथै कुन दिशातर्फ जाँदैछन् भन्ने कुराको विषयमा स्थानीय तहमा रहेका कृषि शाखामार्फत जानकारी लिई नियन्त्रणका उपाय अपनाई सोको दैनिक प्रतिवेदन जिल्ला प्रशासन कार्यालय सुर्खेतमा गर्ने व्यवस्था मिलाउने निर्णय भएको छ। रोकथाम तथा नियन्त्रणका लागि अवलम्बन गर्नुपर्ने विधिहरूबारे जनचेतना अभिवृद्धि गर्ने, यस वर्षको मनसुनले पार्ने प्रभावलाई मध्यनजर गरी सबै स्थानीय तहले खोज उद्धारका सामग्री, भारी यन्त्र उपकरण आदिको व्यवस्था मिलाउन निर्देशन दिने पनि निर्णय भएको छ।

# सुरुङमा पानी हालेर परीक्षण

मेलम्ची। मेलम्ची खानेपानी आयोजनाको मुख्य सुरुङमा परीक्षणका लागि पानी हालिएको छ। आज बिहान मुख्य सुरुङमा पानी हालिएको आयोजनाले जनाएको छ। काठमाडौंतर्फ पानी जाने सुरुङ बन्द गरेर आयोजनाको पहिलो अडिट मार्गबाट पानी परीक्षण गरिएको हो। हेलम्बु गाउँपालिका-१ अम्बाथानमा रहेको मुहान क्षेत्रबाट केही तल रहेको पहिलो अडिटमार्गको सुरुङसम्म पानी हालेर परीक्षण गरिएका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले जानकारी दिनुभयो। मेलम्चीको मुख्य सुरुङमा पानी हालेर परीक्षण गरिएको आयोजनाका कार्यकारी निर्देशक रितेशप्रसाद खत्रीको भनाइ छ यसबारे विस्तृतमा अपराह्न मन्त्रालयमा हुने पत्रकार सम्मेलनमा जानकारी गराइने बताइएको छ।

हामी सबैको साझा अभियान,
मानव बेचविखनको पूर्णविराम

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# रामेछाप डायरी

## व्यवसायी संघद्वारा विभिन्न मागसहित प्रजिअको ध्यानाकर्षण

रामेछाप। रामेछाप होटल तथा पर्यटन व्यवसायी संघले लकडाउनको समयमा सबैभन्दा बढी असर होटल व्यवसायमा परेको भन्दै घर भाडामा ५० प्रतिशत छुट सहित १४ बुँदे माग राखि प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराएको छ।

आइतबार संघका अध्यक्ष शेखरमान श्रेष्ठको नेतृत्वमा गएको टोलीले प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालाई विभिन्न १४ बुँदे मागसहितको ध्यानाकर्षण पत्र बुझाएको हो। ध्यानाकर्षण पत्रमा लकडाउनको अवधिभर घरभाडामा ५० प्रतिशत छुटको व्यवस्था गर्न, घरधनीको पनि बैंक कर्जा तिर्ने समयावधी थप गरी उनीहरुको घरबहाल कर र बैंकको ब्याजमा छुटको व्यवस्था गर्न तथा करको समत छुटका लागि सरोकारवाला निकायसंग समन्वय गर्न माग गरिएको छ। त्यस्तै बिजुली, पानी महशुल कम्तीमा एक बर्षको छुट गरी टेलिफोन, इन्तरनेट लगायतका महशुलमा विशेष सहुलियतको व्यवस्था गर्न, राहत स्वरुप एक वर्षको व्यवसाय कर तथा सबै प्रकारका राजस्वमा छुटको व्यवस्था मिलाउन, व्यवसायीले लिएको ऋण तिर्ने समयावधी कम्तीमा २ वर्ष थप गरी ब्याजमा सहुलियत गरिदिन लगायतको माग गरिएको छ।

त्यस्तै सरकारले जारी गरेको मापदण्ड अनुसारका सावधानी अपानाएर होटल व्यवसाय खोल्ने व्यवस्था तुरुन्त मिलाउन, लकडाउनका कारण होटल क्षेत्रबाट विस्तापित भई बेरोजगार भएका श्रमिक तथा मजदुरहरुलाई आवश्यक तालिमको व्यवस्था गरी रोजगारीको अवसर सिर्जना गर्न लगायतका १४ बुँद माग राखिएको छ।

## रामेछापमा ४ सय ३४ पीसीआर परीक्षण

रामेछाप। रामेछापमा हालसम्म ४ सय ३४ जनाको पीसीआर विधि र ८ सय ७१ जनाको आरडीटी विधिबाट कोरोना परिक्षण गरिएको छ। यसमध्ये ४ सय ७ जनाको पीसीआर नेगेटिभ, २३ जनाको पोजेटिभ रिपोर्ट आएको र ४ जनाको रिपोर्ट आउन बाँकि रहेको स्वास्थ्य कार्यालय रामेछापका निमित्त प्रमुख जितेन्द्र कुमार कर्णले जानकारी दिए। कर्णका अनुसार अहिलेसम्म मन्थली नगरपालिमा ७३, रामेछाप नगरपालिमा ५८, खाँडादेवी गाउँपालिमा ३३, गोकुलगंगा गाउँपालिमा १ सय ८, दोरम्बा गाउँपालिमा १२, लिखुतामाकोशी गाउँपालिमा ८५, उमाकुण्ड गाउँपालिकामा ३२, सुनापति गाउँपालिमा ७ र जिल्ला अस्पतालमा २६ जनाको पीसीआर परीक्षणका गरिएको छ। कोरोना पुष्टि भएका १३ जना कोरोना मुक्त भएका छन् भने ९ जनाको जिल्ला अस्पताल र ३ जनाको लिखुतामाकोशी गाउँपालिकाको आइसोलेशनमा उपचार भैरहेको कर्णले जानकारी दिए।

यस्तै जिल्लाको विभिन्न पालिकाहरुमा बनेका क्वारेन्टिनमा अहिले १ सय २० जना बसेका छन्। भारत लगाएतका विभिन्न ठाउँबाट आएका महिला १० र पुरुष १ सय १० जनालाई क्वारेन्टिनमा राखिएको हो। उमाकुण्ड गाउँपाकिलामा १०, मन्थली नगरपालिकामा ३१, रामेछाप नगरपालिकामा २६, गोकुलगंगा गाउँपालिकामा ५, दोरम्बा गाउँपालिकामा २, खाँडादेवी गाउँपालिकामा १२, सुनापति गाउँपालिकामा ३ र लिखुतामाकोशी गाउँपालिकामा ३१ जना गरी १ सय २० जनालाई क्वारेन्टिनमा राखिएको स्वास्थ्य कार्यालय रामेछापका निमित्त प्रमुख कर्णले जानकारी दिए। कोरोना संक्रमणको सम्भावित जोखिमतालाई मध्येनजर गरी जिल्लामा ८९ शैयाको आइसोलेशन कक्ष र ५ सय ९ शैयाको क्वारेन्टिन कक्ष स्थापना गरिएको छ।

## प्रेस काउन्सिलका अध्यक्ष किशोर श्रेष्ठ रामेछापमा

रामेछाप। प्रेस काउन्सिल नेपालका कार्यबहाक अध्यक्ष किशोर श्रेष्ठले सरकारले मिडिया र पत्रकारहरु बेवास्ता गरेको बताएका छन्। कोरोना भाइस कोभिड १९ संग मुलुक लडिरहेका बेला पत्रकारहरुको अवस्था बारे जानकारी लिन रामेछाप आएका श्रेष्ठले अबको दुई महिनामा मिडिया सरकारका लागि निकै अप्ठ्यारो र ठुलो चुनौतीका रुपमा आउँने बताए। पत्रकार महासंघमा भएको भेटघाट कार्यक्रममा उनले सरकारले तत्काल मिडिया र त्यसमा श्रम गरिरहेका पत्रकारहरुको व्यवस्थापन गर्न नसक्ने हो भने मिडिया र त्यसमा काम गर्ने पत्रकारहरु सरकारका लागि अप्ठ्यारो विषय भन्ने उनको भनाई छ। कोरोना संकटका कारण प्रोफेशनल रुपमा पत्रकारिता गरिरहेका आधि भन्दा बढी पत्रकारहरु प्रभावित हुने र उनीहरुले युट्युव लगाएतका माध्ययमबाट पैसा कमाउनका लागि सरकार विरुद्धका कुराहरुलाई उठाएर राज्यलाई थप चुनौती दिने उनले बताए। सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) का केन्द्रिय कोषाध्यक्ष लक्ष्माण खड्काले पनि वर्तमान सरकार सञ्चार माध्ययमप्रति गैरजिम्मेवार रुपमा प्रस्तुत भएको आरोप लगाएत।

उनले अन्य प्रदेश सरकारको तुलनामा बागमती प्रदेश सरकार झन पुर्ण रुपमा आम मिडिया प्रतिनै गैरजिम्मेवार रुमा अगाडि बढेको बताए। उनले संघियतालेनै नेपालका मिडियालाई धरापमा परीरहेको बताए। मिडियाहरुको अवस्था नाजुक छ, यस्तो अवस्थामा भएका मिडियालाई व्यवस्थापन गर्न छाडेर स्थानीय सरकार आफै मिडिया संचालन गर्ने अभियानमा लागेका छन्, यो स्थानीय सरकारको एकदमै गलक कदम हो खड्काको भनाई छ। प्रेस काउन्सील नेपालका सदस्य खिला बहादुर भण्डारीले कोरोनाका कारण नेपालका सञ्चार माध्ययम र त्यसका काम गर्ने पत्रकारहरु समस्या परेको बताए। उनले ठुला मिडियाहरुले त्यसका काम गर्ने श्रमजीवी पत्रकाहरुलाई विभिन्न बहाना बनाएर तलब नदिने र झुलाउने जस्ता काम गरिरहेको उनले बताए।

## सुनापातिमा सडक खन्ने विषयमा तीब्र विवाद

रामेछाप। जिल्लाको सुनापती गाउँपालिका वडा नम्बर ३ का स्थानीय युवा र सोही गाउँपालिका वडा नम्बर २ का वडा अध्यक्ष कमल केसीबीच विवाद भएपछि युवाहरु गाउँ छाड्न बाध्य भएका छन्। सुनापति गाउँपालिका वडा नम्बर २ का अध्यक्ष केसीले एकलौटी रूपमा स्थानीयसँग सल्लाह नगरी वडा नम्बर २ का स्थानीयलाई उपभोक्ता समितिमा राखी वडा नम्बर ३ को कामाबेसीका झण्डै १५० घरधुरी जोखिममा पर्ने गरी सडक निर्माण गर्न खोजेपछि विवाद भएको हो। वडा नम्बर ३ का स्थानीय युवाले उक्त स्थानबाट सडक निर्माण गर्दा कामाबासीको १५० भन्दा बढी घरधुरी जोखिममा पर्ने भन्दै कामाबेसी हुँदै महिरे मन्दर लान खनिएको जोम्सा, लोप्राङ, भलाएखर्क, महिरेमन्दर, टोकरपुर र शैलुङ्ग मोटर बाटो निर्माण गर्दा गाउँबस्तीलाई नै उच्च जोखिम पर्ने भन्दै ज्ञापन पत्र बुझएका छन्।

# प्रहरी जवान आधारभुत तालिम १३७ औं समुहको दिक्षान्त समारोह सम्पन्न

बिराटनगर । प्रहरी जवान १३७ औ समुहको आधारभुत तालिममा सहभागी ९८ जना महिला सहित ८२१ जना प्रहरी जवानहरू दिक्षित भएका छन् । १ नम्बर प्रदेश प्रहरी तालीम केन्द्र रानी बिराटनगरमा ५८७ जना, १ नम्बर प्रदेश शसस्त्र प्रहरी गण रानीमा( १३९ जना र दंगा नियन्त्रण प्रहरी गण दुहवीमा( ९८ जना प्रशिक्षार्थीहरूलाई प्रशिक्षण दिई १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्रको प्राङगणमा संयुक्त रूपमा दिक्षित भएका हुन् । २०७६ साल श्रावण २० गते देखी संचालित प्रहरी जवान १३७ औ समुहको २ सय ३४ कार्यदिनको आधारभूत तालिम १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर बाबु कार्कीको प्रमुख आतिथ्यतामा दिक्षान्त समारोह सम्पन्न भएको हो । दिक्षान्त समारोहमा प्रशिक्षार्थी हरूलाई नेपालको संविधान बमोजिम तालिम केन्द्रका समादेशक टेक बहादुर तामाङले सफत ग्रहण गराउनु भएको थियो । १३७ औ समुहको दिक्षान्त समारोहका प्रमुख अतिथी प्रहरी नायव महानिरीक्षक कार्कीले कोभिड (१९ को उत्पन्न परिस्थितिमा सुरक्षाको कारण प्रशिक्षार्थीहरूका अभिभावक, संचारकर्मी तथा अन्य ईष्टमित्रलाई समारोहमा आमन्त्रण गर्न नसकिएको प्रति दुःख लागेको बताउँदै, नेपाल प्रहरी मार्फत राष्ट्रको सेवा गर्न प्रहरी संगठन रोजेकोमा दिक्षित प्रहरीका परिवारजनमा आभार प्रकट गर्नु भएको छ । साथै वाहाँले कार्यक्षेत्रमा मन बचन र कर्मले निष्ठापुर्वक, ईमान्दार र बफादारी भई उच्च मनोवलका साथ जनताको सेवामा खटिन दिक्षित प्रहरी जवानहरूलाई शुभकामना सहितको निर्देशन दिनु भयो ।



सोही कार्यक्रममा प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर बाबु कार्कीले तालिम केन्द्रबाट प्रकाशित प्रहरी जवान स्मारीका २०७७ को बिमोचन समेत गर्नु भएको थियो । तालिम अवधी भर लिईएको चरणगत परिक्षाको प्राप्ताङ्का आधारमा सर्वप्रथम हुन सफल प्रशिक्षार्थी प्रहरी जवान बिजय सिंह कार्की लगायत विभिन्न १० बिधामा उत्कृष्ट भएका प्रशिक्षार्थीहरू लगायत तालिममा सहभागी प्रशिक्षकहरूलाई कार्यक्रमका प्रमुख अतिथी प्रहरी नायव महानिरीक्षक ईश्वर बाबु कार्कीले प्रमाणपत्र तथा नगद पुरस्कारद्वारा पुरस्कृत गर्नु भयो । दिक्षान्त समारोहमा तालिम केन्द्रका समादेशक टेक बहादुर तामाङले कार्यक्रमका प्रमुख अतिथि लगायत उपस्थित सबैमा धन्यवाद ज्ञापन गर्नुहुदै दिक्षित भई जाने प्रहरी जवानहरूले तालिम अवधी भर सिकेका ज्ञानको कार्य क्षेत्रमा अक्षरस पालना भएमा नेपाल प्रहरीको चुनौतिको बिषय रहेको अपराध अनुसन्धानमा थप टेवा पुग्ने बिश्वाश ब्यक्त गर्नु भयो । त्यस्तै आन्तरीक शान्ति सुरक्षालाई ध्यानमा राखी १ नम्बर प्रदेश आन्तरीक मामिला तथा कानुन मन्त्रालयले १ नम्बर प्रदेश प्रहरी कार्यालयलाई १७० थान मोटरसाईकल तथा १० थान स्कुटर प्रदान गरेको छ । १ नम्बर प्रदेश आन्तरीक मामिला तथा कानुन मन्त्रालयको प्राङ्गणमा आज बिहान एक कार्यक्रमको आयोजना गरी आन्तरीक मामिला तथा कानून मन्त्री माननीय हिक्मत कुमार कार्कीले १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर बाबु कार्कीलाई मोटरसाईकल तथा स्कुटरको चावी हस्तानतरण गर्नु भएको हो । चावी हस्तानतरण कार्यक्रममा बोल्नु हुँदै आन्तरिक मामिला तथा कानून मन्त्री कार्कीले बिभिन्न अपराध कार्यमा संग्लग्न ब्यक्तिहरूले अपराधका नयाँ नयाँ शैली अपनाई रहेको अवस्थामा आन्तरिक शान्ति सुरक्षाको प्रमुख जिम्मेवारी रहेको नेपाल प्रहरीलाई साधन श्रोत सम्पन्न बनाउनुको बिकल्प नरहेको बताउनु भयो । हरेक प्रहरी युनिटमा सवारी साधन पुऱ्याउने र आन्तरिक शान्ति सुरक्षालाई थप सुदृढ बनाई आम नागरीकलाई सुरक्षाको प्रत्याभुति दिलाउने प्रदेश सरकारको दुरगामी निती रहेको हुँदा सवारी साधन उपलब्ध गराईएको बताउनु भयो । मन्त्रालयले १ नम्बर प्रदेश प्रहरी कार्यालय मातहतका प्रहरी कार्यालयहरूलाई उपलब्ध गराउने गरी टि.भी.एस. कम्पनीको १६० सि.सी.को अपाचे मोटरसाईकल ९० थान, बजाज कम्पनीको १५० सि.सि.को पल्सर मोटरसाईकल ८० थान र यमाहा कम्पनीको १२५ सि.सी.को यमाहा स्कुटर १० थान गरी कुल १८० थान सवारी साधन उपलब्ध गराएको हो । यसैगरी ट्राफिक ब्यबस्थापनमा सहजताका लागी मन्त्रालयले १ नम्बर प्रदेश ट्राफिक प्रहरी कार्यालय ईटहरीलाई समेत १० थान मोटरसाईकल हस्तान्तरण गरेको थियो । चावी हस्तानतरण कार्यक्रममा सवारी साधनको चावी ग्रहण गर्नुँहुँदै १ नम्बर प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक ईश्वर बाबु कार्कीले प्रदेश सरकारलाई हार्दिक धन्यवाद दिनुका साथै उपलब्ध सवारी साधनले प्रहरी कर्मचारीहरूमा काम गर्ने थप हौसला प्रदान गरेको र उपलब्ध सवारी साधनहरू तल्लो स्तर सम्मका हरेक प्रहरी कार्यालयहरूमा बितरण गरिने तथा प्राप्त सवारी साधनले प्रहरीको काम कारवाहीमा सहजता प्रदान गरी चुस्त दुरूस्त हुनेमा आफु बिश्वस्त रहेको बताउनु भयो ।


## आयुर्वेदिक उपचारको पहिलो रोजाइ
## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

*हाम्रा सेवाहरु*

ग्याष्ट्रिय, अल्सर, गानोगोला, जन्डिस, पाइल्स, हातखुट्टा झमझमाउने, दुख्ने, हडडी खिएको, युरिक यसिड, बाथ रोग, दम, खोकी, पिनास, अनिन्द्रा, डिप्रेशन, मृगी प्यारालाइसिस, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, पाठेघरको बिना अप्रेशन उपचार, यौन दुर्लवता सिघ्र स्खलन, बाझोपन पिसाब पोल्ने, धातु रोग, प्रोस्टेट, पत्थरी छाला सम्बन्धि रोग, उच्च रक्तचाप, मधुमेह, थाइराइड लगायतका सम्पुर्ण रोगको दक्ष आयुर्वेद चिकित्सकबाट सफल उपचार गरिन्छ ।

**नोटः** यहाँ बिना अप्रेशन क्षारशुत्र विधिद्धारा पाइल्स, फिस्टुला, फिसरको सफल उपचार गरिन्छ । गुणस्तरीय स्वास्थ्य सेवाको एक मात्र ठाउँ

## विकल्प आयुर्वेद हेल्थ सेन्टर प्रा.लि.

लाइन्स चोक, नारायणगढ, चितवन
सम्पर्क पैशा नलाग्ने टोल फ्रि नं. १६६०५६५८०००
फोन न. ०५६ : ५७०४६८
फोनवाट पनि नाम दर्ता गर्न सकिने छ ।



# कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्न वा गराउन हुदैंन , यदि गरेमा जातीय भदेभाव ऐन बमोजिम सजाय हुनेछ



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
## सूचना तथा प्रसारण विभाग


## अन्तराष्ट्रिय समाचार

### कोरोना भाइरसबाट विश्वमा पाँच लाख ३७ हजार भन्दा बढीको मृत्यु

कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ५ लाख ३७ हजार १०३ पुगेको छ । साथै यस संक्रमणबाट विश्वभर १ करोड १५ लाख ७७ हजार ९६५ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन ( डब्लुएचओ) द्वारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ। नेपाली समयानुसार सोमवारसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ६५ लाख ४६ हजार ८४५ जना निको भएका छन्। हाल विश्वभरमा कोरोना भाइरस संक्रमित करिब ४४ लाख ९४ हजार १७ व्यक्ति उपचाररत रहेका छन् । संक्रमितहरुमा ५८ हजार ६५५ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ । डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र २९ लाख ८३ हजार १४२ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा १ लाख ३२ हजार ५७१ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ ।

दक्षिण अमेरिकामा २५ लाख १५ हजार ३६० जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ ९३ हजार ७४१ जनाको मृत्यु भएको छ । उत्तर अमेरिकामा ३४ लाख ९४ हजार ६८७ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ १ लाख ७५ हजार ६५१ जनाको मृत्यु भएको छ ।

युरोपमा २४ लाख ८४ हजार ८६६ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ९३ हजार ८४५ को मृत्यु भएको छ । एसिया २५ लाख ८६ हजार ६३२ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ६२ हजार २६८ जनाको मृत्यु भएको छ । अफ्रिकामा ४ लाख ७९ हजार ९१८ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने ११ हजार ४०० जनाको मृत्यु भएको छ । ओसियानामा १० हजार २३३ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२८ जनाको मृत्यु भएको छ ।

### कामदारमाथि गोली प्रहार, आठको मृत्यु

मोजाम्बिकको उत्तरी क्षेत्रस्थित एक निजी ग्यास परियोजनामा कार्यरत मजदूरमाथि बन्दुकधारीले गोली प्रहार गरी हत्या गरिदिएका छन् । कम्पनीका अनुसार बाटो छुकेर बसेका बन्दुकधारीले गोली चलाउँदा कम्पनीमा कार्यरत आठ मजदूरको ज्यान गएको छ । उत्तरी मोजाम्बिकमा सन् २०१७ देखि जिहादी विद्रोह जारी छ । यस विद्रोहका कारण उक्त क्षेत्रमा एक हजारभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ । विद्रोहका कारण तेल उत्खननका कार्यमा पनि असर परेको छ । तर प्राकृतिक ग्यास (एनएलजी) का परियोजनामा कार्यरत मजदूरमाथिको आक्रमण भने तुलनात्मक रुपमा कम हुने गरेको अधिकारीहरुले बताएका छन् । फ्रान्सेली तेल उत्पादक टोटलले नियुक्त गरेको फेनिक्स कन्ट्रक्सन सर्भिसले गत महिना आफ्नो कम्पनीमा कार्यरत मजदूरहरु चढेको सवारी साधनमाथि मोजाम्बिकको सेनाको पोशाकमा आएका पाँच जना बन्दुकधारीले गोली चलाउँदा केही मजदुर घाइते भएका र तीन जना अझै बेपत्ता रहेको बताएको छ । संयुक्तराष्ट्र संघले गत मे महिनामा सार्वजनिक गरेको अनुमान अनुसार विद्रोही समूहको आक्रमणबाट विस्थापित हुनेको संख्या दुई लाख १० हजार पुगिसकेको छ । तर पछिल्लो समयमा निरन्तर जारी आक्रमणको कारण विस्थापितको संख्या दुई लाख ५० हजार नाघेको स्थानीय सहायता निकायहरुले बताएका छन् । मोजाम्बिकको उत्तरी क्षेत्रमा आक्रमणहरु भइरहे पनि टोटलले २३ अर्ब डलरको ग्यास परियोजनालाई निरन्तरता दिने बताएको छ ।

### आणविक केन्द्रमा ठूलै आगलागी भएको इरानको स्वीकारोक्ती

इरानको आणविक केन्द्रको एक भवनमा आगलागीको घटना भएको इरानले पुष्टि गरेको छ । इरानी आणविक ऊर्जा केन्द्रका प्रवक्ताले उक्त दुर्घटना निकै अर्थपूर्ण भएको जनाउँदै यसबाट युरेनियम प्रशोधनमा प्रयोग हुने उपकरणको उत्पादनमा केही ढिलाइ हुन सक्ने बताउनुभयो । मध्य इरानको नताञ्जस्थित आणविक प्रशोधन केन्द्रको एक घरमा बिहीबार आगलागी भएको थियो । उक्त घटना निकै भयानक रहे पनि कोही पनि व्यक्ति घाइते भएको वा रेडियोधर्मी विकिरण नचुहिएको प्रवक्ताले बताएका छन् । सुरक्षा अधिकारीहरुले उक्त घटनालाई दुर्घटनाका रुपमा व्याख्या गरेका छन् । तर उक्त घटना हुनुको मुख्य कारण बारे केही बताइएको छैन । इरानी समाचार संस्था इर्नामा प्रकाशित एक अन्तर्वार्तामा इरानी आणविक ऊर्जा संस्थाका प्रवक्ता बेहरोज कमालवन्दीले उक्त दुर्घटनाका कारण कोही व्यक्ति पीडित नभएका तर आर्थिक रुपमा निकै ठूलो क्षति भएको बताउनुभएको छ । उहाँले यस दुर्घटनाका कारण उन्नत सेन्ट्रिफ्युजको विकास र उत्पादनमा केही ढिलाइ हुने बताउनुभयो । नन्ताज इरानको मुख्य आणविक प्रशोधन केन्द्र रहेको स्थान हो । टेलिभिजन फुटेजमा भने आगलागीका कारण सामान्य क्षति भएको देखाएको छ । तर यसअघि सार्वजनिक गरिएका तस्वीरहरुमा भने भवनमा निकै ठूलो क्षति भएको देखिएको छ । तेहरानले गत वर्ष मे महिनामा आणविक ऊर्जा कार्यक्रमसँग जोडिएका केही कार्यक्रम पुनः शुरु गरिने घोषणा गरेको थियो ।


## जलदेवी सामुदायिक वनको आकर्षण




*जिप लाइन*

**आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं ।**

*आकर्षणहरु*

**१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,**
**२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने**
**३. पार्कमा पिकनिकको व्यवस्था भएको,**
**४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट ।**

# सर्जकलाई नजिकबाट नियाल्दा



दामोदर ढकाल 'दीपक'

पुष्कर अथक रेग्मीको नाम लिने वित्तिकै मोफसलमा रहेर पनि साहित्यिक संस्थालाई कुशलतापूर्वक हाक्ने सफल व्यक्तित्व र साहित्यिक कृतिहरूमा नविनतम् प्रयोग गर्ने कुशल प्रयोगवादी साहित्यकार भनेर चिनिनुहुन्छ । कोरोना आतङ्कको कारण बन्दाबन्दी अर्थात लकडाउनको बेला उहाँसँग प्रत्यक्ष भिडियो संवाद गरेको छु । केही जीवनका कुरा , केही अनुभव र अनुभूतिका कुरा अनि केही साहित्यका कुराहरू यहाँ प्रस्तुत गर्न गइरहेको छु ।

पिता बद्रीप्रसाद रेग्मी र माता राधादेवी रेग्मीको कोखबाट २०२६ साल असार ७ गते शनिवार प्रथम पुत्ररत्नको रूपमा पुष्कर अथक रेग्मीको जन्मभएको हो । उहाँको जन्मस्थान तानसेन नगरपालिका वडा नम्बर ३ नारायणस्थान पाल्पा हो । हाल पनि उहाँ सोही स्थानमा स्थायी बसोबास गर्दै आइरहनुभएको छ ।

उहाँका पिता बद्रीप्रसाद रेग्मी शिक्षण पेशामा आबध्द हुनुहुन्थ्यो । यसर्थ पुष्कर अथक रेग्मीको पठन पाठनको उपयुक्त वातावरण बाल्यकाल देखि नै थियो ।

उहाँको वाल्यावस्था हाँसखेल र रमाइलोमा नै बित्यो । वाल्यावस्थादेखि नै उहाँ तार्किक र भावुक स्वभावको हुनुहुन्थ्यो । यहाँ उहाँका बाल्यावस्थाको दुईटा प्रसङ्ग जोड्न चाहन्छु । एउटा प्रसङ्ग हो उहाँले कक्षा चारमा पढ्दा नै कविता लेखन शुरू गरि अतिरित्त क्रियाकलापमा कविता प्रस्तुत गर्न थालिसक्नु भएको थियो । 'हाम्रो स्कुल' नामक कविता उहाँले सबैभन्दा पहिले लेखेको कविता हो । यसबाट के स्पष्ट बुझिन्छ भने उहाँ साहित्य लेख्नकै लागि जन्मिएको एक जना सर्जक हुनुहुन्छ ।

अर्को प्रसङ्ग उहाँ सात कक्षामा पढ्दै गर्दा एकदिन नारानथानको पोखरीमा पौडी खेल्न जानुभएछ । उक्त पोखरीमा वर्खामा परेको धेरै पानी जम्मा भएर पोखरी निकै गहिरो भएकोले उहाँ डुब्न पुग्नु भएछ । यद्यपी उहाँका साथीहरु उहाँभन्दा पौडीवाज भएकोले उहाँलाई बचाएछन् । घरबाट नजिकै रहेको उक्त पोखरी देख्दा अहिले पनि उहाँ त्यो घटना झलझली सम्झिरहनु हुन्छ रे ।

उहाँले कक्षा एक र दुई श्री प्राथमिक विद्यालयमा पढ्नु भयो । हाल उक्त विद्यालय अर्को विद्यालयसँग गाभिइसकेको छ । कक्षा तीनबाट एस.एल.सी. सम्म उहाँले तानसेनकै पद्यम् पब्लिक हाइस्कुलमा अध्ययन गर्नुभयो । उहाँले एस.एल.सी. परिक्षा दिएपछि उक्त विद्यालयमा केही समय भोलेन्टिएर शिक्षकको रूपमा काम गर्नुभयो र एस.एल.सी. पछि भने दरबन्दी शिक्षकका रूपमा नै कार्य गर्नुभयो । यसरी पढ्ने र पढाउने कार्य सँगसँगै लैजानु भयो । उहाँले पाल्पाकै त्रिभुवन बहुमुखी क्याम्पसबाट आइ.कम र वि.कम पास गर्नुभयो ।

बाइस वर्षको उमेरमा उहाँको सुशीला थापा (क्षेत्री ) सँग प्रेम विवाह सु(सम्पन्न भयो । उहाँहरूका तीन सन्तान छन् । अर्पणा रेग्मी, एलिसा रेग्मी र अस्तित्व रेग्मी ।

उहाँले एक वर्षे वि.एड. सप्तगण्डकी क्याम्पस भरतपुर चितवनमा र एम.एड. त्रिभुवन विश्वविद्यालयबाट कीर्तिपुर काठमाडौंबाट गर्नुभयो । उहाँले धेरै वर्ष आफैले पढेको विद्यालय पद्यम् पब्लिक हाइस्कुलमा उहाँले अध्यापन गराउनु भयो भने अवकास लिनु अगाडि चाहीँ सेन माध्यामिक विद्यालयमा अध्यापन गराउनु भयो । विद्यालयमा कूल उहाँले २५ वर्ष २७ दिन अध्यापन गराउनु भयो । यसर्थ उहाँ हजारौं विद्यार्थीहरूको आदरणीय गुरू हुनुहुन्छ । उहाँले पठाएका धेरै विद्यार्थीहरु उच्च तहमा रहेर देशको सेवा गरिरहेका छन् । समाजको ज्योति आखिर शिक्षक नै हो । उहाँले दिएको ज्ञानरूपी प्रकाशको कारण धेरै व्यक्तिहरु लाभान्वित भएका छन् । अहिले पनि उहाँ निरन्तर अध्यापन पेशामा नै हुनुहुन्छ । उहाँले हाल तानसेन बहुमुखी क्याम्पसमा अध्यापन गराइरहनु भएको छ । उहाँ सो क्याम्पसको सहायक क्याम्पस प्रमुख हुनुहुन्छ ।

पुष्कर अथक रेग्मीका चौधवटा कृति प्रकाशित भइसकेका छन् । उहाँले हरेक कृतिको नाम 'अ' अक्षरबाट राखिरहनु भएको छ । उहाँका कृतिहरु अफसोच (गीति उपन्यास), अनुसन्धान अवलोकन( शैक्षिक पुस्तक), अग्रदूत (जीवनी), अठार (लघुकथा सङ्ग्रह), अनुसन्धान सिद्धान्त (शैक्षिक पुस्तक) , आमा (जीवनी), अमृताञ्जली ( जीवनी), अर्न्तराल (कविता सङ्ग्ह), अन्तत (गजल सङ्ग्रह), अनुरोध ( बाल गजल सङ्ग्रह) अलग बाटो ( बाल लघुकथा सङ्ग्रह), अक्षता ( बाल गेडी सङ्ग्रह), अमर पात्र ( ऐतिहासिक नाटक सङ्ग्रह), अर्पण (जीवनी) प्रकाशित भइसकेका छन् भने प्रकाशित भए जत्तिकै हाराहारिमा उहाँका प्रकाशोन्मुख कृतिहरु तयारी अवस्थामा रहेका छन् । साथै थप अन्य कृतिहरु निरन्तर लेखिरहनु भएको छ ।

यसको अलवा दर्जनौ साहित्यिक पत्रिका उहाँको सम्पादनमा निस्किसकेका छन् । हामीले उहाँलाई सजिलो गरि यसरी बुझ्न सक्छौ उहाँको जन्म पढ्न र पढाउन, अनि लेख्न र लेखाउनको निमित्त भएको हो । वास्तवमा उहाँ साच्चिकै शारदे पुत्र हुनुहुन्छ । निरन्तर अक्षरहरूसँग खेलिरहने कुशल साधक ।

पुष्कर अथक रेग्मी आफैंमा कुशल साहित्यकार र प्राध्यापक मात्र नभएर साहित्यिक संस्थालाई कुशलतापूर्वक नेतृत्व दिने कमाण्डर पनि हुनुहुन्छ । मोफसलमा रहेर पनि राजधानीसँग टक्कर दिने साहित्यिक संस्था पाल्पामा छन् । त्यहाँका साहित्यकारहरूलाई एक ढिक्का साहित्यिक माहोल सिर्जना गर्ने बादशाह नै हुनुहुन्छ पुष्कर अथक रेग्मी । उहाँले नेतृत्व गरेका साहित्यिक संस्थाहरु हुन्, पाल्पा साहित्य समाज र शीक्षा,साहित्य तथा स्वास्थ्य प्रतिष्ठान पाल्पा । हाल यी दुबै संस्थाको अध्यक्ष हुनुहुन्छ । शीक्षा,साहित्य तथा स्वास्थ्य प्रतिष्ठान पाल्पाको स्थापनाकाल देखि नै उहाँ अध्यक्ष हुनुहुन्छ । उक्त संस्था २०६३ सालमा स्थापना गरिएको थियो । यसरी चौथ वर्षसम्म उक्त संस्थाको अध्यक्ष भएर, शिक्षा, स्वास्थ र साहित्य निरन्तर कार्य गरिरहनु भएको छ । यसगरी पाल्पा साहित्य समाजमा सदस्यबाट शुरू गरी सचिव, महासचिव हुँदै उहाँ अध्यक्ष हुनुहुन्छ । उहाँको अध्यक्षतामा नै पाल्पा साहित्य समाजले रजत महोत्सव मनाइसकेको छ । दर्जनौ पुरस्कार र सम्मानबाट सम्मानित पुष्कर अथक रेग्मी अन्य विभिन्न साहित्यिक संस्थामा समेत आवद्ध हुनुहुन्छ । साहित्य र कला भनेपछि हुरूक्कै हुने सर्जक पुक्ष्कर अथकलाई हामीले यसरी पनि चिन्न सक्छौ । हरेक व्यक्ति गाउँबाट शहर जान चाहन्छ ,शहरबाट अझ विकसित शहर जान चाहन्छ र गइरहेका पनि छन् । तर पुष्कर अथक रेग्मीको हकमा यो लागु भएन । उहाँ पाल्पामा नै जन्मनुभयो, हुर्कनुभयो, पढ्नुभयो, पढाउनुभयो, पढाइरहनुभएको छ । तर उहाँलाई पाल्पा छाड्न मनभएन । पाल्पाकै माटोको लागि, पाल्पाली कला र साहित्यको लागि अनवरत लागिरहनु भयो र लागिरहनुभएको छ । जन्मस्थानमा नै बसेर यसरी अनवरत साधना गर्ने कमै साधक मध्ये पुष्कर अथक रेग्मी अग्रपक्तिमा हुनुहुन्छ भनेर भन्दा कुनै फरक पर्दैन ।



पृथक पहिचान सहित जन्मभूमिमै बसेर अनवरत साधना गर्ने साहित्यकार पुष्कर अथक रेग्मीसँग मैले केही साहित्यिक भलाकुसारी गरेको छु । अब प्रस्तुत छ उक्त भलाकुसारीका केही अंश(

तपाईलाई साहित्यको कुन विधा मनपर्छ ?

मलाई साहित्यका सबैविधा मनपर्छन । यसमध्य पनि कविता विधा सबैभन्दा बढी मनपर्छ । कविता विधाका सबै उपविधा गजल, मुक्तक हाइकु, लोकलयका कविता, छन्द र मुक्तछन्दका कविता सबै लेख्छु । कविता विधामा बालसाहित्यमा कलम चलाउँदा झनै खुशी हुन्छु । यसअलाव ऐतिहासिक व्यक्तित्वको खोज अनुसन्धान गरी उनीहरूका जीवनका विविधा पाटा खोतल्न अत्यन्त रहर लाग्छ ।

साहित्य भनेको के हो ?

रस,अलङ्कार र अर्थले पूर्ण भई आदि र अन्त्य सहितको विश्लेषण व्याख्या र पूर्व अनुमानयुक्त सृष्टि नै साहित्य हो ।

साहित्य किन र के का लागि लेख्नुहुन्छ ?

सुरूमा चाहीँ रहरले लेखियो । त्यसपछि बीचमा नजान्दा नजान्दै लेखियो । अहिले चाहीँ समाजलाई नयाँ दिशा दिने हिसाबले साहित्यलाई रेलको पट्टिमा रेल दौडाएजस्तै नयाँ शब्द, वाक्य र नविन एवं पृथक शैलीमा दौडाउन साहित्य लेखिरहेको छु । यसमा कल्पना, भावना, खोज र अनुसन्धानलाई सँगैसँगै लिएर लेखनको साधनामा जुटेको छु । ऐतिहासिक तथ्यमा आधारित रहेर नाटक लेखिरहेकोको छु । जुन पुस्ताका कुरा पुस्तासम्मले अध्ययन गर्न पाउने छन् ।

नेपाली साहित्यको विकास र बिस्तारको लागि के गर्नुपर्छ ?

नेपाली साहित्यको विकास र बिस्तारमा स्वयं साहित्यकारहरु मात्र लागिपरेको देखिन्छ । राज्य स्तरबाट गर्नुपर्नै जति कार्य गरेको छैन । साहित्यिक संस्था र साहित्यकारहरूलाई राज्यले एकिकरण गर्नुपर्ने हो त्यो गरेकै छैन । साहित्यकारहरूलाई सम्मान र पुरस्कार पनि संस्थागत र व्यक्तिगत प्रयासबाट मात्र भएको छ । सरकारले गर्नुपर्ने त्यो कार्य गर्नसकिरहेको छैन । यदि सरकारले मेचीदेखि महाकाली एवं विदेशमा समेत बसेर साहित्यको साधना गरिरहेका साहित्यकारहरूलाई एक ढिक्का बनाउने , उनीहरूका सिर्जनाहरूलाई प्रकाशीत गरि बजारसम्म पुर्‍याउने अदि कार्य गरेमा साहित्यको विकास र बिस्तार सम्भव छ । संस्थागत र व्यक्तिगत हिसाबले त साहित्यको बिकास र बिस्तारमा साहित्यकारहरु लागिपरिरहेकै छन् तर यतिले मात्र पुग्दैन् ।

साहित्य मार्फत समाजसेवा गर्न सकिन्छ ?

सकिन्छ ! साहित्य सेवा नै हो । साहित्य समाजको ऐना हो । साहित्य मार्फनै हो समाजको वस्तुस्थिति हिजो, आज र भोलि थाहापाउने । साहित्यकार सबैको हो । उसको लेखनको कुराले समाजलाई लाभ दिन्छ । सिधा र घुमाउरो जुनसुकै तरिकाले लेखे पनि समाजको परिवर्तनको संभाहक नै साहित्यकार र कवि हुन् ।

विभिन्न माध्यमबाट साहित्यमार्फत समाजलाई बोलाइएको हुन्छ वा समाज बोलिरहेको हुन्छ । विना लगानि, विना पारिश्रमीक निरन्तर समाजसेवा गर्ने साहित्यकारहरु नै हुन् र माध्यम साहित्य नै हो जुन दिगो हुन्छ ।

तपाईंलाई लेख्नैपर्ने कृति के लागेको छ ?

समयले लेखाउने र नलेखी नहुने कृति धेरै लेख्नु छ । समय व्यवस्थापन गरे म निरन्तर नै लेखिरहेको छु । हाल कलेजको जिम्मेवारी वहन गर्नुपरिरहेकोले लेख्नुपर्ने जति कुरा लेख्न सकिरहेको छैन् । मलाई मेरो आत्मकथा लेख्न र बालसाहित्यको क्षेत्रमा केही गर्न अत्यन्त रहर छ ।

यसैगरी मैले सोह्र वर्षदेखि बाइसवर्षको बीचमा लेखेका आठबटा गीति उपन्यासहरु छन् । तिनीहरूलाई पनि क्रमशः प्रकाशित गर्नेछु सन्दर्भ र तिथि मिति समेत उल्लेख गरेर । यसैगरी पाँच, सात वर्षपछि म पूर्णत पुरै समय साहित्यमा बिताउने छु । हेरौं समयले लेखाउने र नलेखी नहुने कृतिहरु अवश्य लेख्ने छु ।

अस्तु

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४–०६५ गो.हु.का. द.नं. १२/०७५/०७६


# सवारी साधनको आयात ५५५ ले घट्दा विद्युतीय गाडीको आयात बढ्यो

काठमाडौं । चालु आर्थिक वर्षको ११ महिनामा कुल १० हजार ३४९ सवारी साधन मुलुक भित्रिएका छन् । भन्सार विभागका अनुसार चालु आवको जेठ मसान्त सम्ममा पेट्रोल तथा डिजलबाट चल्ने सवारीसाधन ९ हजार ७७५ र विद्युतीय सवारी साधन ५७४ वटा भित्रिएका हुन् । यो गत आवको ११ महिनाको तुलनामा चालु आवको सोही अवधिमा ५५.३२ प्रतिशतले कम सवारी साधन आयात भएका हुन् ।

गत आवमा कुल १६ हजार ८७४ वटा सवारी साधन भित्रिएका थिए । जसमध्ये १६ हजार ५१३ पेट्रोल तथा डिजलबाट चल्ने सवारी साधन र ३६१ वटा विद्युतीय सवारी साधन नेपाल भित्रिएका थिए ।

यसैगरी अघिल्लो आवको जेठ मसान्तसममा १५ हजार ७९२ वटा पेट्रोल तथा डिजलबाट चल्ने सवारी साधन आयात भएकोमा चालु आवको सोही अवधिमा ६१.५५ प्रतिशतले कमी आइ जम्मा ९ हजार ७७५ वटा सवारी साधन आयात भएको छ । जबकी विद्युतीय सवारी साधनको आयात भने बढेको छ । अघिल्लो आवको जेठ मसान्सम्ममा २८३ विद्युतीय सवारी साधन आयात भएकोमा चालु आवको ११ महिनामा भने १०२.८२ प्रतिशतले बढेर ५७४ वटा विद्युतीय सवारी साधन आयात भएका छन् ।

विभागका अनुसार जेठ १ गतेदेखि १४ गतेसम्म जम्मा ९३ वटा विद्युतीय सवारी साधन भन्सार जाँचपास भएका छन् । जसमध्ये जेठ ७ गते ७५ वटा, जेठ १३ गते १६ वटा र जेठ १४ गते २ वटा मात्रै जाँचपास भएका छन् ।

गत वर्ष जेठ महिनामा ५४ वटा विद्युतीय सवारी साधन भन्सारबाट जाँचपास भएका थिए । जसमध्ये गतवर्षको भन्दा यो वर्ष आयात दोब्बर नजिक पुगेको देखिएको छ ।


सुखखा बन्दरगाहा भन्सा कार्यालयबाट बैशाख १६ गते जाँचपास भएका ४५ वटा गाडी चैत २५ मा भन्सार आइपुगेको विभागले जनाएको छ ।

त्यसैगरी जेठ ७ गते जाँचपास भएका ७५ वटा सवारी साधन बैशाख ११ गते भन्सार आइपुगेका थिए ।

यसवर्षको जेठ १४ गते १ अर्ब ७२ करोड राजस्व संकलन भएको छ । जबकी २०७६ सालको जेठ १४ गते २ अर्ब १५ करोड र २०७५ सालको जेठ १४ गते २ अर्ब १९ करोड राजस्व संकलन भएको थियो ।









जनआकाश मिडिया प्रा.लि.का लागि प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस